# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाकै माध्यमबाट व्यक्तिले आफ्ना अनुभव, विचार, घटनाहरूलाई एकअर्कासँग सम्प्रेषण गर्ने गर्दछन् । भाषाविनाको समाज र समाजविनाको भाषाको कल्पना समेत गर्न सकिँदैन । भाषा र समाजविना पारस्परिक सम्बन्ध रहेको पाइन्छ । मानिसले जहिलेदेखि भाषा प्राप्त गऱ्यो त्यही समयदेखि यसको आवश्यकता र महत्त्वमाथि चासो राख्न थाल्यो । भाषा अभिव्यक्तिको सशक्त माध्यम भएकाले यसलाई मानवीय सम्पत्तिका रूपमा समेत लिन सकिन्छ ।

प्रायोगिक भाषाविज्ञानको प्रमुख शाखाको रूपमा समाज भाषाविज्ञानलाई लिन सकिन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण माध्यम भएकाले पनि समाजमा यसको के–कस्तो सन्दर्भमा कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन समाज भाषाविज्ञानअन्तर्गत गरिन्छ । भाषाको समाजपरक अध्ययन नै सामाजिक भाषाविज्ञान हो (भण्डारी र पौड्याल, २०७२ : ०२) । अधिकारीको परिभाषालाई हेर्दा सामाजिक भाषाविज्ञानको क्षेत्र व्यापक र बृहत् रहेको पाइन्छ । सामाजिक भाषाविज्ञानको मुख्य अध्ययनक्षेत्र भाषा, भाषिका, भााषिक भेद, कोडमिश्रण, कोड परिवर्तन, भाषिक परिवर्तन, भाषिक आगमन, बहुभाषिकता, द्विभाषिकता, भाषाद्वैत आदि रहेका छन् । यसका अतिरिक्त सामाजिक, सांस्कृतिक, चालचलन, रीतिरिवाज आदिको समेत अध्ययन, विश्लेषण गर्ने काम सामाजिक भाषाविज्ञानले गर्दछ ।

समाजभाषिक अध्ययनअन्तर्गत साहित्यिक कृतिमा पात्रको लिङ्ग, जाति, शिक्षा, पेशा, वर्ग, उमेर, धर्म, सांस्कतिक कृतिका पात्रको लिङ्ग, जाति, शिक्षा, पेसा, वर्ग, उमेर, धर्म, संस्कृति आदिका आधारमा वर्गीकरण गरी तिनको भाषिक प्रयोगको अवस्था के कस्तो छ भनेर पत्ता लगाउने कामसमेत यसअन्तर्गत गरिएको छ । प्रस्तुत अध्ययन नारायण ढकालको *दुर्भिक्ष* उपन्यासमा केन्द्रित रहेको छ र यस अध्ययनलाई सफल पार्न

पुस्तकालयीय अध्ययन, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरी निष्कर्षमा पुगिएको छ ।

प्रस्तुत अध्ययन नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेको छ । नारायण ढकालको जन्म वि.सं. २०१० जेठ २४ गते काठमाडौँको मूलपानीमा भएको हो । हाल उनी काभ्रेश्वरी मनोहरामा बस्दै आएका छन् । उनको *प्रेतकल्प* र *दुर्भिक्ष* दुईवटा उपन्यास रहेका छन् भने *प्रेतकल्प* उपन्यासबाट उनले वि.सं. २०६५ सालमा साझा पुरस्कारसमेत प्राप्त गरेका छन् । उनी एक उत्कृष्ट सामाजिक, यथार्थवादी, प्रगतिवादी उपन्यासकार हुन् । *दुर्भिक्ष* उपन्यास काठमाडौँको परिवेशमा आधारित छ । त्यहाँ भएका न्याय व्यवस्था, शासकीय मानसिकता अनि त्यसभित्र छट्पटाइरहेको मानवीय मूल्य र संवेदनाको सूक्ष्म तथा यथार्थ अभिव्यक्ति झल्किएको पाइन्छ । त्यस्तै स्वतन्त्रताप्रतिको शाश्वत चाहना र त्यसलाई वर्जित गर्न चाहने यथास्थितिवादी धारबीचको सङ्घर्षको यथार्थ प्रस्तुति रहेको पाइन्छ । समाजको विभिन्न वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका पात्रहरूको चित्रण यस उपन्यासमा प्रचुर मात्रामा रहेको पाइन्छ । समाजभाषिक दृष्टिले *दुर्भिक्ष* उपन्यासमा प्रयोग गरिएको भाषाशैली, भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा अध्ययन गर्नका लागि प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्याकथन

समाज र साहित्य एकअर्काका परिपूरक मानिन्छन् । समाजअनुकूल नै साहित्य सिर्जित हुन्छ । समाजमा रहेका भाषा भाषिकाको छाप साहित्यमा देखिन्छ । त्यस्तै परिवेशमा रहेर कुनै पनि समाजको चित्रण गर्ने एउटा सशक्त कृतिका रूपमा *दुभिक्ष* उपन्यासलाई लिन सकिन्छ । समाजका कुनै वर्ग, जाति, लिङ्ग, रीतिरिवाज तथा सामाजिक विभेदजस्ता पक्षहरूको सङ्गमका रूपमाा *दुर्भिक्ष* उपन्यास रहेको छ । प्रस्तुत उपन्यासको समाजभाषिक अध्ययन गर्नु नै मूल समस्या हो र उक्त समस्याको समाधानका लागि निम्नलिखित शोध प्रश्न निर्माण गरिएको छ :

(क) *दुर्भिक्ष* उपन्यासका पात्रहरूलाई वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण कसरी गर्न सकिन्छ ?

(ख) *दुर्भिक्ष* उपन्यासका पात्रहरूले प्रयेग गर्ने भाषाको लिङ्गगत, उमेरगत, शैक्षिक र वर्गगत आधारमा भाषिक प्रयोगको स्थिति कस्तो छ ?

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *दुर्भिक्ष* उपन्यासको भाषाशैली कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) *दुर्भिक्ष* उपन्यासका पात्रहरूलाई वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु,

(ख) *दुर्भिक्ष* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, उमेरगत, शैक्षिक र वर्गगत आधारमा भाषिक प्रयोगको स्थितिको विश्लेषण गर्नु,

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *दुर्भिक्ष* उपन्यासको भाषाशैली पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शोध सान्दर्भिक भएमा अध्ययन गर्ने विषयका यथार्थ तथ्यको पुष्टि हुन्छ । शोधकार्यका रूपमा अन्य क्षेत्रमा जस्तै समाजभाषिक अध्ययन विश्लेषणको आधार खडा हुने भएकाले शैक्षिक क्षेत्रमा प्रस्तुत अध्ययन सान्दर्भिक रहने छ । साहित्यका विभिन्न विधामध्ये उपन्यास विधालाई पनि साहित्यको महत्त्वपूर्ण विधाका रूपमा मानिएको पाइन्छ । उपन्यासमा कस्तो सामाजिक परिवेश छ, परिवेशअनुकूल भाषाको प्रयोग गरिएको छ/छैन भनी खोजी गर्नु आवश्यक छ । यसअघि न्यून मात्रामा समाजभाषिक अध्ययन सम्बन्धित शोधकार्यहरू भएकाले प्रस्तुत शोधबाट तत्सम्बन्धी अध्ययनले ज्ञानको वृद्धि र आवश्यकता पूर्ति हुने साथै समाजभाषिक अध्ययन विश्लेषण गर्न सघाउ पुग्ने तथा शैक्षिक क्षेत्रमा पनि यसको महत्त्व विशेष रहेकाले यो अध्ययन सान्दर्भिक र औचित्यपूर्ण रहेको छ ।

*दुर्भिक्ष* उपन्यास समसामयिक औपन्यासिक धाराअन्तर्गतको चर्चित उपन्यास हो । यो उपन्यास नेपाली राजनीतिक क्षेत्रमा मार्क्सवादी आन्दोलनमाथि स्वयम् मार्क्सवादीहरूबाट भएको घिनलाग्दो प्रहारको विरोधमा एउटा प्रजातान्त्रिक तथा मानवीय छवि भएको मार्क्सवादी आन्दोलनको पुनर्गठनको पक्षमा सशक्त अपिलको रूपमा उक्त उपन्यास रहेको छ । नेपाली मार्क्सवादी लेखनमा नारायण ढकाल कला, रचना र संरचनाका हिसाबले विशेष छन् । राजनीतिक परिपाटीभित्र सम्पूर्ण मानिस अँध्यारोमा प्रवेश गरेको चित्रण *दुर्भिक्ष*मा छ र यो नै यस उपन्यासको महत्त्व हो । प्रस्तुत उपन्यासमा कालप्रतिको तीब्र आक्रोशमाथि कठोर प्रहार, कथानक र शिल्पका दृष्टिले नौलो उपलब्धिको रूपमा *दुर्भिक्ष* उपन्यासलाई लिन सकिन्छ । यो उपन्यास व्यक्तिपरक ढाँचाको भएर पनि समाजबोधी उपन्यासको रूपमा देखा परेको छ । समाजका घटना र विषयवस्तुलाई उपन्यासले आफ्नो कथावस्तु बनाएकाले उक्त उपन्यास समाजभाषिक अध्ययनका लागि सान्दर्भिक रहने छ ।

प्रस्तुत अध्ययन साहित्य, शिक्षाविद्, शोधकर्ता, पाठक, शिक्षक तथा विद्यार्थी, समाजभाषिक अध्ययनको लागि जिज्ञासा राख्ने पाठकका लागि सान्दर्भिक र औचित्यपूर्ण हुने छ ।

## १.५ शोधको परिसीमा

शोधकार्यको सिलसिलामा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो, त्यसको किटानी गर्नुलाई शोधकार्यको सीमा भनिन्छ । अध्ययनका क्रममा सम्पूर्ण पक्षलाई समेट्न कठिन हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई सीमित गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधकार्य निम्नानुसार परिसीमामा मात्र सीमित रहेको छ :

(क) प्रस्तुत शोधकार्य नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्य *दुर्भिक्ष* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत एवम् शैक्षिक आधारमा वर्गीकरण र भाषिक स्थिति पहिल्याउनमा सीमित रहेको छ ।

(ग) प्रस्तुत शोधकार्य *दुर्भिक्ष* उपन्यासमा प्रयुक्त भाषाशैलीको समाजभाषिक अध्ययनमा मात्र सीमित रहेको छ ।

(घ) प्रस्तुत शोध *दुर्भिक्ष* उपन्यासलाई समाजभाषिक सिद्धान्तका आधारमा विश्लेषण बीस जना पाठकको अभिमतमा सीमित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारमा *दुर्भिक्ष* उपन्यासका पात्रहरूको वर्गीकरण

अध्याय पाँच : वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारमा *दुर्भिक्ष* उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण

अध्याय छ : समाजभाषिक सिद्धान्तका आधारमा *दुर्भिक्ष* उपन्यासको भाषाशैलीको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

व्यक्तिगत विवरण

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका शोधकार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै सम्बन्धित साहित्यको अध्ययन हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्न, अवधारण स्पष्ट पारी परिभाषीकरण गर्न प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिबाट जोगाउन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्नका लागि पूर्वकार्यको समीक्षा गरिन्छ । यस कार्यले सकारात्मक पक्षलाई आत्मसाथ गरी नकारात्मक पक्षलाई सुधार गर्दै अगाडि बढ्न सहयोग पुऱ्याएको छ । साथै अनावश्यक पुनरावृत्तिलाई हटाउँदै नयाँ कार्य थालनीका लागि सैद्धान्तिक आधार प्राप्त गर्न सकिएको छ । त्यसैले समाजभाषिक अध्ययनसम्बन्धी केही पुस्तकहरू र शोधपत्रको यहाँ समीक्षा गर्न खोजिएको छ :

### २.१.१ सम्बन्धित पुस्तकको पुनरावलोकन

घिमिरे (२०६५) द्वारा *समाज भाषाविज्ञान*मा समाज भाषाविज्ञानको परिचय, भाषा र समाजको सम्बन्ध, उत्पत्ति र विकास, भाषिक भेदहरू, भाषिक समुदाय, भाषिका, भाषाका मिश्रित भेद र कोड छनोटका साथै यसअन्तर्गतका भाषा, द्विभाषिकता, बहुभाषिकता, कोड परिवर्तन, कोडमिश्रण जस्ता विषयमा स्पष्ट चर्चा गरिएको छ । यस्तै वक्ताहरूले भाषिक प्रयोगमा के कस्ता कोडको प्रयोग गर्छन् र तिनको मिश्रण र परिवर्तन कसरी हुन्छ भन्ने कुराको पनि व्याख्या गरिएको पाइन्छ । यसरी उक्त पुस्तकबाट समाजका विभिन्न वर्गले बोल्ने भाषा लिङ्गका आधारमा फरक हुने भाषा, उमेरका आधारमा फरक हुने भाषाको अध्ययन गर्न सहयोग पुगेको छ । अतः प्रस्तुत शोधपत्रमा

यस्तै समाजमा प्रयोग हुने भाषाको अध्ययन गरिएकाले उक्त पुस्तकको अध्ययन सान्दर्भिक देखिन्छ ।

अधिकारी (२०६७) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय र क्षेत्रलाई उल्लेख गरेका छन् । भाषिक समुदाय, भाषिक प्रयोगको सापेक्षता, समाजको प्रकृति, भाषामा समाजको प्रभाव र भाषाका विशेषताका बारेमा प्रस्ट पारिएको छ । त्यसैगरी भाषिक भेद, भाषिक भेद निर्धारणका तत्त्वहरू, भाषाद्वैतको अवस्था, पिजिन र क्रेओलको पनि चर्चा गरिएको छ । भाषा योजना, मानकीकरण, आधुनिकीकरण, नेपाली भाषाको भौगोलिक र सामाजिक स्थिति आदिको परिचय प्रस्तुत गरिएको छ । यसरी उक्त पुस्तकबाट समाजका वर्ग, लिङ्ग, उमेर, शैक्षिक अवस्थाका आधारमा प्रयोग भएको भाषाको अध्ययन गर्न सहयोग पुगेको छ । प्रस्तुत शोधपत्र पनि समाजमा प्रयोग भएको भाषाको अध्ययनमा केन्द्रित भएकाले उक्त पुस्तकको अध्ययन सान्दर्भिक देखिन्छ ।

लम्साल र अन्य (२०६८) द्वारा *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञानलाई दुई खण्डमा प्रस्तुत गरिएको छ । भाषिक भेदअन्तर्गत भाषिक भेद उत्पत्तिका आधार, भाषाको क्षेत्रीय भेद पहिचानका आधार प्रस्तुत गरिएको छ । त्यस्तै भाषाको सामाजिक भेद पहिचानका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तक समाजभाषिक अध्ययको सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले महत्त्वपूर्ण रहेको छ । अतः प्रस्तुत शोधपत्र पनि कृतिको समाजभित्र प्रयुक्त भाषाको अध्ययनमा केन्द्रित रहेकाले उक्त पुस्तकको अध्ययन सान्दर्भिक देखिन्छ ।

न्यौपाने, भण्डारी र अन्य (२०६९) द्वारा *सामान्य भाषाविज्ञान* पुस्तकमा समाजमा देखिएको द्विभाषिकता एवम् बहुभाषिकता, भाषाका स्थानीय, वर्गीय, पेशागत आदि भेदहरू, समाजमा बोलिने विभिन्न भाषाहरूबीचको सम्बन्ध, भाषाको विकासका लागि गरिएका भाषानीति एवम् भाषायोजना आदिका बारेमा लेखाजोखा गर्नु सामाजिक

भाषाविज्ञानका विषय हुन् भनी चर्चा गरिएको पाइन्छ । यसले भाषा, भाषिका, द्विभाषिकता तथा बहुभाषिकता आदिको पहिचान गर्न सहयोग पुगेकाले अध्ययन सरल र सहज हुनुका साथै प्रस्तुत अध्ययन विश्वसनीयताका लागि समेत उपयोगी भएको छ । उक्त पुस्तकको पुनरावलोकनले सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

भण्डारी र पौड्याल (२०७२) द्वारा *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान*मा सामाजिक भाषाविज्ञानको परिचय दिइएको छ । भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क, भाषा सर्वेक्षण, भाषिक अवलम्बन, स्वीकरण र अपक्षय, भाषिक भेद, भाषाद्वैत, कोड परिवर्तन र कोडमिश्रण भाषाका अन्य भेदहरू, भाषानीति र योजना, भाषायोजनाका प्रकार, प्रयोजनका आधारमा भाषाहरू, भाषायोजनाको प्रमुख पक्ष, नेपालको भाषाको स्थिति, नेपालको भाषानीति, सामाजिक भाषाविज्ञान र भाषा शिक्षण, भाषा शिक्षणमा सामाजिक भाषाविज्ञानको उपयोगिताका बारेमा व्यापक चर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकको पुनरावलोकनले पात्रको भाषिक विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

डुम्रे (२०६५) द्वारा '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधपत्रमा भाषाशैलीका दृष्टिले *बसाइँ* उपन्यासमा प्रयोग गरिएको भाषाको वर्गगत, लिङ्गगत र जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको समाजभाषिक अध्ययन गरिएको छ । उच्च, मध्यम र निम्न वर्गले प्रयोग गरेको भाषामा भिन्नता र शिक्षित अशिक्षित पात्रले प्रयोग गर्ने भाषामा भिन्नता औँल्याइएको छ । यस अध्ययनले प्रस्तुत शोधकार्य अगाडि बढाउन द्वितीयक सामग्रीका रूपमा मद्दत पुऱ्याएको छ ।

ढकाल (२०६७) द्वारा '*नरेन्द्र दाइ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा समाजभाषिक सिद्धान्तका आधारमा भाषाशैलीका दृष्टिले उपन्यासको अध्ययन गरिनुका साथै पात्रहरूलाई वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको

पाइन्छ । यस शोधपत्रको अध्ययनले द्वितीयक सामग्रीका रूपमा प्रस्तुत शोधलाई सम्पन्न गर्न सहयोग पुऱ्याएको छ ।

खतिवडा (२०६८) द्वारा *'रूपमती* उपन्यासको भाषिक अध्ययन' नामक शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा शैलीविज्ञानभित्र रहेर भाषिक संरचना, चयन र समानान्तरता, भाषिक विचलनको अध्ययन गरिएको छ । सामग्री सङ्कलअन्तर्गत पुस्तकालयीय अध्ययन, शोधपत्र, पत्रपकिामा प्रकाशित रचना, पाठ्यपुस्तकलाई आधार बनाई शोधकार्य गरिएको छ । अध्ययन विधिअन्तर्गत तुलनात्मक पुस्तकालयीय अध्ययनलाई लिइएको छ । शैली विश्लेषणकै आधारमा निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग प्रत्यक्ष सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ । साथै शोधकार्यले प्रस्तुत शोधकार्यमा पात्रहरूको वर्गीकरण गर्नमा सहयोग पुऱ्याएको छ ।

डाँगी (२०६९) द्वारा *'माइतघर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रमा भाषाशैलीका दृष्टिले *माइतघर* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत, वर्गगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा उपन्यासका पात्रहरूको वर्गीकरण गर्नुका साथै भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरूमा केन्द्रित भई अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन र वर्णनात्मक विधि प्रयोग गरेको पाइन्छ । निष्कर्षको रूपमा *माइतघर* उपन्यासमा रहेका पात्रहरूमा वर्गीय भिन्नता नरहेको मानक भाषाको प्रयोग भएको पाइन्छ । उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषामा भिन्नता रहेको देखाइएको छ । उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषामा लिङ्गगत र शैक्षिक अवस्थाका आधारमा भिन्नता रहेको देखाइएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग प्रत्यक्ष सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यमा सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्नमा सहयोग पुऱ्याएको छ ।

शाही (२०७०) द्वारा *'बाँसुरीमा नअटाएका धुनहरू* नाटकको समाजभाषिक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधमा भाषाशैलीका दृष्टिले *बाँसुरीमा*

*नअटाएका धुनहरू* नाटकको सामाजिक स्थितिको अध्ययन गर्नु, समाजभाषिक सिद्धान्तका आधारमा प्रस्तुत नाटकमा प्रयुक्त भाषाको विश्लेषण गर्नु, नाटकका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत, शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । उक्त शोधकार्यमा *बाँसुरीमा नअटाएका धुनहरू* नाटकलाई प्राथमिक स्रोत सामग्रीका रूपमा र शीर्षकसँग सम्बन्धित अन्य शोधपत्र, पाठ्यपुस्तक द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएका छन् । उक्त उपन्यासको भाषामा वर्गीय, जातीय, लैङ्गिक, शैक्षिक दृष्टिले विभेद रहेको छ । उपन्यासमा असफल जीवन दर्साउनुका साथै त्रासद् जीवनको सचित्र पनि देख्न पाइने निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले द्वितीयक सामग्रीका रूपमा प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्न सहयोग पुगेको छ ।

रोका (२०७०) द्वारा '*मुलुक बाहिर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा *मुलुक बाहिर* उपन्यासको भाषाशैलीको अध्ययन, उपन्यासका पात्रहरूलाई लिङ्ग, उमेर, शिक्षा र वर्गका आधारमा वर्गीकरण, भाषिक प्रयोगको स्थिति पत्ता लगाउनुजस्ता उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा पुस्तकालयीय अध्ययन, वर्णनात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । निष्कर्षका रूपमा उपन्यासमा निम्न वर्गीय आर्थिक चपेटामा परेका पात्रहरूको वर्गीय, लैङ्गिक, शैक्षिक, उमेरगत दृष्टिले विभेदीकरण भएको समाजको यथार्थ चित्रण जस्ता निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग प्रत्यक्ष सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यमा पात्रहरूको भाषिक विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा '*प्रतिबद्ध* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । अनुसन्धानदाताको भाषाशैलीका दृष्टिले *प्रतिबद्ध* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु जस्ता उद्देश्यमा अध्ययन केन्द्रित रहेको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी वर्णन र विश्लेषण विधिबाट निष्कर्ष

निकालिएको छ । निष्कर्षका रूपमा *प्रतिबद्ध* उपन्यासमा रहेका पात्रहरूको भाषामा वर्गीय विभेद रहेको, शिक्षित र अशिक्षित पात्रका बीच विभेद रहेको, महिला र पुरुषको भाषामा विभेद रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग प्रत्यक्ष सम्बन्धित भएकाले शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

रिजाल (२०७१) द्वारा *'आज रमिता छ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा भाषाशैलीका दृष्टिले उपन्यासको समाजभाषिक अध्ययन गर्नु उपन्यासका पात्रलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । मुख्यतः पुस्तकालयीय अध्ययन कार्यको प्रयोगका साथै वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई आंशिक रूपमा प्रयोग गरी शोधपत्र तयार पारिएको छ । यसमा विभिन्न परिवेशको समाज लैङ्गिक अवस्थाका पात्रहरूले प्रयोग गरेको भाषामा विविधता रहेको भन्ने निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधका लागि यो अध्ययनले समाजभाषिक अध्ययनको सैद्धान्तिक पृष्ठभूमि तयार पार्न सहयोग पुगेको छ ।

माथि उल्लिखित समाज भाषविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तक, लेखको समीक्षा र समाजभाषिक अध्ययनमा आधारित भएर तयार पारिएका शोधहरूलाई आधार मान्दा निष्कर्षमा भाषाका सामाजिक भेदहरू, द्विभाषिकता, बहुभाषिकता, भौगोलिक स्थिति, समाज भाषाविज्ञानको उपयोगिता, कोड मिश्रण, भाषिका जस्ता पक्षलाई लिएर अगाडि बढाएको पाइन्छ । लिङ्गगत, उमेरगत, वर्गगत, शैक्षिक, भाषाशैली आदिलाई आधार लिएर भाषिक प्रयोगको स्थिति पहिल्याएका छन् । प्रस्तुत *दुर्भिक्ष* उपन्यासको वर्तमान समयसम्म समाजभाषिक अध्ययन नभएकाले यस शीर्षकमा अनुसन्धान गर्न उपयुक्त ठानी उल्लिखित अनुसन्धानलाई आधार मानेर *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ ।

## २.२ सैद्धान्तिक परिचय

विचार विनिमयको साधन नै भाषा हो । जसलाई मानवीय उच्चरित सार्थक ध्वनिहरूको समूह भनेर पनि बुझ्न सकिन्छ । यही भाषाको वैज्ञानिक ढङ्गबाट गरिने व्यवस्थित अध्ययनलाई भाषाविज्ञान भनिन्छ । भाषालाई सामाजिक र सांस्कृतिक सन्दर्भमा हेर्ने भाषाविज्ञानको एउटा शाखा नै सामाजिक भाषाविज्ञान हो ।

भाषाको समाजपरक अध्ययन नै सामाजिक भाषाविज्ञान हो । भाषा मानव समुदायको अत्यन्त आवश्यक भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्य व्यवहार सञ्चालन गरेको हुन्छ । त्यसैले भाषालाई सामाजिक वस्तु भनिएको हो । प्रायोगिक भाषाविज्ञानको महत्त्वपूर्ण नवीनतम् शाखा हो । भाषाको सैद्धान्तिक पक्षको अध्ययनले मात्र भाषिक प्रयाजनको व्याख्या र वर्णन पूर्ण हुन नसक्ने हुनाले व्यावहारिक पक्ष वा संरचना दुवै पक्षको एकैसाथ अध्ययन हुनुपर्ने आग्रहका साथ सामाजिक भाषाविज्ञानको उदय भएको मानिन्छ ।

भाषा समाजमा बसोबास गर्ने सम्पूर्ण जातजाति, धर्म, लिङ्ग, पेशा, व्यवसाय, शिक्षित, अशिक्षित आदि व्यक्तिहरूले प्रयोग गरेका हुन्छन् । वक्ता र श्रोताको वार्तालाप भाषाद्वारा सम्प्रेषण भइरहेको हुन्छ । सामाजिक भाषा, भाषिका, भाषिक भेद, भाषाद्वैत, बहुभाषिकता, कोड छनोट, कोडमिश्रण, कोड परिवर्तन, भाषायोजना, भाषानीति, भाषिक आगम र भाषा लोप आदि रहेका छन् (भण्डारी र पौड्याल, २०७२ : ०६) । भाषामा समाजको भूमिका व्यक्ति र भाषाको सम्बन्धजस्ता पक्षलाई आधार बनाएर भाषाका माध्यमबाट समाजको अध्ययन गर्ने र समाजको आधारमा साहित्यका भाषाको अध्ययन विश्लेषण गर्न यस अध्ययनको औचित्य रहेको छ ।

सामाजिक भाषाविज्ञानका सन्दर्भमा विभिन्न विद्वान्हरूको परिभाषालाई यहाँ प्रस्तुत गर्न सकिन्छ । हड्सनका अनुसार सामाजिक भाषाविज्ञान समाजका सापेक्षतामा गरिने भाषाको अध्ययन हो । बन्धुले समाजकै परिप्रेक्ष्यमा भाषाको अध्ययन सामाजिक भाषाविज्ञनअन्तर्गत गरिन्छ भनेका छन् (भण्डारी र पौड्याल, २०७२ : ०५) । यस्ता

परिभाषाहरूलाई समग्र रूपमा हेर्दा समाजका विभिन्न स्वरूपहरूलाई केन्द्रमा राखेर भाषाको वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने कार्य नै सामाजिक भाषाविज्ञान हो ।

## २.३ सामाजिक भाषाविज्ञानको ऐतिहासिक पृष्ठभूमि

पृथ्वीमा मानिसको उत्पत्तिसँगै आपसमा सम्प्रेषण गर्न भाषाको उत्पत्ति भएको हो । मानिस सामाजिक प्राणी भएपछि पारस्परिक सम्बन्ध कायम गर्न भाषा अपरिहार्य विषय हुन्छ तर यसको औपचारिक थालनी भने बीसौँ शताब्दीको उत्तरार्द्धतिर भयो । अप्लाइड लिङ्ग्विस्टिक्स भन्ने शब्दको प्रयोग सर्वप्रथम एल.लकहार्टले आफ्ने कृति *वर्ड इकोनोमी एन एस्से इन अप्लाइड लिङ्ग्विस्टिक्स* (सन् १९३१) मा गरे । उक्त प्रायोगिक भाषाविज्ञान भन्ने शब्दले सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयबाट मान्यता प्राप्त गऱ्यो । अङ्ग्रेजीको 'सोसियोलिङ्ग्विस्टिक्स' शब्दको प्रयोग सन् १९५२ मा हावेर. सी.बाट भएको मानिन्छ तर थोमस हड्सनले *म्यान इन इन्डिया* नामक पुस्तकका लागि सन् १९३९ मा नै गरेका थिए । सन् १९६० बाट भाषाविद्हरूको यसतर्फ रुचि बढ्न थाल्यो । सन् १९६६ मा डेल हाइम्सले 'समाज भाषाविज्ञनमा तालिम' शीर्षकमा प्रतिवेदन तयार गरे । यसरी सन् १९६०–७० को दशकमा सामाजिक भाषाविज्ञान स्वतन्त्र विषयका रूपमा विकसित भयो । फर्थले आफ्नो सिद्धान्त स्थितिको प्रसङ्गमा मानिसको भाषिक व्यवहारको क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्दै भाषाको सामाजिक सन्दर्भलाई महत्त्व दिए र उनको यसै दृष्टिकोणमा ह्यालिडे, मिचेलजस्ता विद्वान्हरू प्रभावित हुँदै गए । यसै सन्दर्भबाट समाज भाषाविज्ञानको उदय भयो ( भण्डारी र पौड्याल, २०७२ : ०३) ।

सन् १९३१ मा प्रायोगिक भाषाविज्ञानको स्थापना भयो र यसको नवीन शाखाका रूपमा सन् १९५२ मा समाज भाषाविज्ञानको स्थापना र प्रयोग भएको मान्न सकिन्छ । यसरी समाज भाषाविज्ञान भाषाको सामान्य व्यवहारको अध्ययन तथा भाषा, समाज र सम्बन्धको अध्ययन गर्ने भएकाले प्रयोग भएका भाषासँग सम्बन्धित पक्षको बारेमा अध्ययन गर्दछ ।

## २.४ समाज भाषाविज्ञानको क्षेत्र

सामाजिक भाषाविज्ञान भाषा र समाजका विविध सम्बन्धको अध्ययन भएकाले समाजविज्ञान र भाषाविज्ञान यसको अध्ययनीय विषयवस्तुका मूल स्रोत मानिन्छन् तापनि यसले विभिन्न विषयक्षेत्रबाट आफ्ना व्यवहारका कुरा, मनोविज्ञानसँग सम्बन्धित प्रयोगकर्ताको मनस्थिति, एकभाषिक तथा बहुभाषिक मानसिकता, भाषा आर्जनमा अभिप्रेरणा तथा जातिविज्ञानसँग सम्बन्धित जातीय, वर्गीय विभेदका कुरा आदि । तसर्थ सामाजिक भाषाविज्ञानलाई अन्तरवैषयिक विधाका रूपमा लिइन्छ (अधिकारी, २०६७ : ०४) ।

समाज भाषाविज्ञानअन्तर्गत भाषाको सामाजिक पक्षको विश्लेषण हुने गर्दछ । यसले भाषिक समुदायको पहिचान गरी विद्यमान समुदायको एकभाषिक, द्विभाषिक, बहुभाषिक र भाषाद्वैतको अवस्थाको अध्ययन भेदहरूको वर्गीकरण, व्याख्या र विश्लेषण गर्दछ । समाजको प्रवृत्तिअनुसार पाइने नाता, व्यक्तिबोली, आचरण, जातित्व, आदरार्थी, सम्बोधन र आत्मीयता आदि पात्रको समेत अध्ययन गर्दछ । भाषाको औपचारिक, अनौपचारिक, मानक, अमानक, स्तरीय भेदको अध्ययन यसैमा हुने गर्दछ । भाषिक विविधता भएको समाजमा प्रभावशाली भाषाबाट कमजोर भाषालाई कसरी रक्षा गर्ने भन्ने समस्याको समाधान गर्दछ । समाज भाषाविज्ञानले कोड, कोड मिश्रण, कोड चयन, पिजनीकरण, भाषा विस्थापन, भाषिक सम्मेलन, भाषिक अपक्षय, भाषिक मृत्यु आदिका सम्बन्धमा पनि अध्ययन गर्दछ । भाषाको आधुनिकीकरण, मानकीकरण, कोड परिवर्तन, कोड मिश्रण आदि पक्षको पनि यसैमा अध्ययन हुने गर्दछ । भाषाका सामाजिक भेदहरू भाषानीति र भाषायोजनाका विषयमा पनि अध्ययन विश्लेषण गरिन्छ । भाषाका सामाजिक भेद, प्रयुक्ति भेद, भाषिक निर्धारणको अध्ययन गर्ने मूल आधार समाज भाषाविज्ञान नै हो ।

यसरी सामाजिक भाषाविज्ञान विविध विषयसँग सम्बन्धित भए तापनि वर्तमानमा यो एउटा स्वतन्त्र शाखाका रूपमा विकसित भएको छ ।

## २.५ भाषिक भेद

एउटै भाषिक समुदायका व्यक्तिहरूले भाषिक उच्चारण अर्थात् ध्वनि, वर्ण, शब्द, पदावली, उपवाक्य, वाक्य र अर्थ भेद देखिनुलाई भाषिक भेद भनिन्छ । एउटै भाषामा देखिने भिन्नता नै वास्तवमा भाषिक भेद हो (भण्डारी र पौड्याल, २०७२ : २४) । भाषा विभिन्न परिस्थितिमा विभिन्न प्रयेजनका लागि प्रयोग गरिने भएकाले यसका विभिन्न भेदहरू पाइन्छन् ।

कुनै पनि भाषामा स्थान, समय र शैलीगत रूपमा आउने भिन्नतालाई भाषिक भेद भनिन्छ (घिमिरे, २०६५ : १४) । त्यसकारण समाज र भाषा दुवै परिवर्तनशील हुन्छन् । अन्य भाषाका वक्ताहरूको सम्पर्क शिक्षा, भौगोलिक दूरी, सामाजिक सम्बन्ध, धर्म, संस्कृति, रहनसहन, समय र सन्दर्भअनुसार भाषिक प्रयोगमा भिन्नता देखिन्छ । यही भाषाको प्रयोगमा देखिने विविधतालाई नै भाषिक भेद भनिन्छ । एउटा भाषाभित्रका विविधता वा भेदहरूलाई सामान्यतया काल, स्थान, सामाजिक वर्ग, विषय र माध्यमका दृष्टिले हेर्न सकिन्छ (अधिकारी, २०६७ : २०) । जुनसुकै भाषामा पनि समयका आधारमा कालगत भेद, स्थानका आधारमा सामाजिक भेद, विषयवस्तुका आधारमा विषयगत भेद, प्रसङ्गका आधारमा माध्यमगत भेद आदि भेदहरू पाइन्छन् ।

### २.५.१ सामाजिक भेद

हरेक समाजको आआफ्नै संरचनागत व्यवस्था हुन्छ । विभिन्न वर्ग, जाति, धर्म, लिङ्ग, उमेर, व्यवसाय, संस्कृति, शिक्षा, पद प्रतिष्ठा, मर्यादा आदिका आधारमा सामाजिक व्यवस्था निर्माण हुन्छ र भाषा पनि त्यसै अवस्थामा आधारित हुन्छ (गिरी, २०७२ : २६) । "भाषाको सामाजिक भेदमा विशेष गरेर लिङ्ग, जात, उमेर, शिक्षा, पेसा, व्यवसाय, कुलीनता आदिका आधारमा भाषिक समुदाय विभक्त हुन पुगेको देखिन्छ । स्थूल विभाजनको भाषिक समुदायले उपयोग गर्ने भाषिक सङ्केतका सूक्ष्म भेदलाई भाषाको सामाजिक भेद मानिन्छ (ढकाल, २०६८ : ३६) । कुनै पनि समाजमा बस्ने एउटै भाषिक समुदायका विभिन्न वर्गका व्यक्तिहरूले बोल्ने भिन्न भिन्न भाषिक स्वरूपलाई सामाजिक

भाषिका भनिन्छ । नेपाली भाषामा शाह, राणा, ठकुरी, विभिन्न जातजाति, समुदायमा फरक फरक ढङ्गले बोलिन्छन् । उच्च वर्गको बोली र सामान्य वर्गको बोली शिक्षित र अशिक्षित बोली, भिन्न भिन्न जातिको बोली, ग्रामीण र सहरीया बोली, बाल, युवा, प्रौढ, वृद्ध बोली आदि नेपाली भाषाका सामाजिक भेदहरू हुन् ।

### २.५.१.१ वर्गका आधारमा

समुदायका सबैमानिसले एउटै भाषा र शैलीको प्रयोग गर्दैनन् । उच्च जाति र सम्पन्न वर्ग अथवा मालिक र नोकरले प्रयोग गर्ने भाषिक अभिव्यक्ति र शैलीमा फरक हुन्छ । नोकरले मालिकसँग उच्च आदरार्थीको प्रयोग गरेको हुन्छ भने मालिकले नोकरसँग निम्न शैलीको अभिव्यक्ति प्रयोग गरेको हुन्छ (थापा, २०७१ : ४३) । नेपाली समाजमा रहेका विभिन्न वर्गका मानिसहरूका बोलीमा पाइने भिन्नतालाई निम्नानुसार उल्लेख गरिन्छ :

**(क) उच्च वर्ग**

समाजमा प्रतिष्ठित व्यक्तिहरूले प्रयोग गर्ने भाषा नै उच्चवर्गीय आधारको भाषा हो । नेपालमा सम्भ्रान्त थापा, राणा र शाहहरूले बोल्ने आइस्योस्, गइस्योस् जस्ता शैलीभेद सामाजिक भेदका नमुना हुन् (थापा, २०७१ : ४३) ।

**(ख) मध्यम वर्ग**

समाजमा रहेका व्यक्तिहरूमध्ये मध्यम आयस्रोत भएका सामान्य जीवनयापन गर्ने वर्गका व्यक्ति यसअन्तर्गत पर्दछन् । तिनीहरूको सामाजिक सहभागिता पनि मध्यमस्तरमै हुने गर्दछ । समाजमा यस वर्गका व्यक्तिहरूको बाहुल्यता देखिन्छ । उदाहरणका रूपमा आफूभन्दा ठूलालाई आउनुहोस्, तपाइँ, बुबा, आमा आदि समान स्तरका व्यक्तिलाई मित्र, साथी, तपाइँ, तिमी, जी आदि र सानालाई तिमी, तँ, आउ, गर आदि ।

### (ग) निम्न वर्ग

सामान्य बोलचालमा मात्र प्रयोग हुने सामाजिक प्रतिष्ठा प्राप्त नगरेको भाषालाई भाषाको निम्न भेद भनिन्छ । पारिवारिक वार्तालाप तथा अनौपचारिक सन्दर्भमा प्रयोग हुने भाषा निम्न भेद हो (भण्डारी र पौड्याल, २०७२ : ४०) । अन्य वर्गको तुलनामा यस वर्गले प्रयोग गर्ने भाषा निम्न स्तरको नै मानिन्छ । आर्थिक अवस्था अत्यन्त दयनीय भएका व्यक्तिहरू जुन गाँस, बास, कपासको अवसरबाट वञ्चित रहेका हुन्छन् । जसले समाजमा हरेक पाटाका आवाजको गन्धसमेत थाहा पाउँदैनन् । यस्ता समूहका मानिसहरू निम्न वर्गको समूहअन्तर्गत पर्दछन् ।

## २.५.१.२ लिङ्गगत आधारमा

लिङ्गका आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषमा भिन्नता देखिन्छ (भण्डारी र पौड्याल, २०७२ : १८) । त्यस्तै लैङ्गिक विभेदले सामाजिक भाषालाई जन्माउँछ ।

### (क) पुरुष

भाले वा पुलिङ्ग बुझाउने शब्दलाई पुरुष भनिन्छ । भाषा प्रयोगमा पुरुषको भाषा महिलाको भन्दा कठोर किसिमको हुन्छ । पुरुषको भाषालाई आदेशात्मक र रुखो स्वभावको रूपमा लिने गरेको पाइन्छ । पुरुषको भाषामा वीरतापूर्ण अभिव्यक्ति पाउन सकिन्छ । समाजमा पुरुषको निर्णयलाई सहजरूपले स्विकार्ने चलन छ । जस्तै : हे साले जस्ता शब्दको प्रयोग गर्ने गर्दछन् ।

### (ख) महिला

महिलाहरूले बोल्ने भाषिक अभिव्यक्तिको एकवचन, प्रथम पुरुष, पूर्ण र अज्ञात पक्ष जस्तै भनेकी छु । थिएँ, तपाईँकी आदि क्रियापदमा लैङ्गिक पहिचान पाइन्छ (थापा,

२०७१ : ४८) । समाजमा नारी तथा महिलाहरूलाई हेपिएको हुन्छ । आफ्ना विचार, इच्छा, चाहना, स्पष्ट रूपमा राख्न नसक्ने हुन्छन् । त्यसकारण उनीहरूले प्रयोग गर्ने भाषा नरम किसिमको सभ्य हुन्छ । जस्तै : डल्लीले ग्राहकलाई के सेवा गरुँ हजूर ? भन्नु आदि ।

### २.५.१.३ उमेरका आधारमा

उमेरगत भिन्नताले पनि भाषामा भिन्नता ल्याउँछ । बालबालिकाले प्रयोग गर्ने भाषामा बढी कोमलता, युवायुवतीले प्रयोग गर्ने भाषामा शृङ्गारिकता पाइन्छ भने प्रौढ तथा वृद्धवृद्धा समूहले प्रयोग गर्ने भाषा बालक तथा युवायुवतीको भन्दा भिन्न हुने गर्दछ (भण्डारी र पौड्याल, २०७२ : १७) । जुनसुकै समाजमा पनि उमेरअनुसार भाषिक प्रयोगमा भिन्नता देखिन्छ । उमेरअन्तर्गत बालक, युवा, प्रौढ र वृद्ध पर्दछन्, जुन निम्नानुसार छन् :

**(क) बालक**

नेपालीमा बालभाषाका लागि छुट्टै शब्दभण्डार एवम् शैलीको प्रचलन भेटिन्छ । जस्तै : नाना, चाचा, नुनु, बुबु, सुसु, आची आदि (अधिकारी, २०६७: २३) । बालबालिकाहरूले प्रयोग गर्ने शब्द सुँनुसुँनु लाग्ने हुन्छ । बालबालिकाहरूको मानसिक धारण पूर्ण रूपले बनिसकेकाले गर्दा भाषा प्रयोगमा युवा वा प्रौढले भन्दा दुई किसिमका शब्दहरूको प्रयोग गर्दछन् ।

**(ख) युवा**

समाजमा निहित युवा पुस्ताले प्रयोग गर्ने भाषालाई युवा भाषा भनिन्छ । उनीहरूको शब्दभण्डार क्षमता बढी हुन्छ । यस उमेरका युवायुवतीले बढी मात्रामा शृङ्गारिक भाषाको प्रयोग गरेको पाइन्छ । यिनीहरूले हिन्दी, अङ्ग्रेजी शब्दको प्रयोग, प्रेमसम्बन्धी शब्दको प्रयोग गरेको देखिन्छ । जस्तै : यार, च्वाक, बोर, डान्स, बबाल, लुक्स, सुड्डो, भुक्का, टिप्स ।

### (ग) प्रौढ

प्रौढहरूले प्रयोग गर्ने भाषा बालक तथा युवाहरूको भन्दा भिन्न किसिमको हुन्छ । प्रौढहरूले प्रयोग गर्ने भाषामा व्यावहारिकता झल्किन्छ । उनीहरूको भाषामा शुद्ध र स्तरीयता पाउन सकिन्छ । उनीहरूले सामान्य चलनचल्तीको भाषा प्रयोग गर्छन् । जस्तै : हलो, कोदालो, चिसो, चिया, जागिर, खाजा, रिपोट ।

### (घ) वृद्ध

वृद्धवृद्धा भनेको ६० वर्षमाथिको उमेर समूहलाई मानिन्छ । वृद्धवृद्धाहरूको भाषामा मायालुपन, ममता झल्किएको हुन्छ । पुरानो भाषाशैली पनि प्रयोग गरेको पाउन सकिन्छ । वृद्धवृद्धाहरू धार्मिक आस्था झल्कने भाषाहरू उच्चारण गर्दछन् । जस्तै : हरेराम, हरेकृष्ण, होइन र बूढा, राम राम राम । यो हाम्रो गामलाई के हुन लाग्या हो ? आदि ।

## २.५.१.४ शिक्षाका आधारमा

हरेक व्यक्तिको शैक्षिक स्तरले भाषिक प्रयोगमा प्रभाव पारेको हुन्छ । शिक्षित व्यक्तिले हरेक प्राविधिक शब्द र स्तरीय भाषिकालाई समय र सन्दर्भअनुसार मिलाएर प्रयोग गरेको हुन्छ भने अशिक्षित व्यक्तिले भाषिक सन्दर्भलाई सही प्रयोग गर्न सक्दैनन् ( थापा, २०७१ : ४८) । निश्चित शैक्षिक तह र अवस्थासँग सम्बन्धित वक्ताको भाषिक आचरण, शब्दचयन, शैली र विषयवस्तुको प्रस्तुतिको प्रक्रिया आदि विभिन्न तहबाट भाषिक भेदको अवस्था छुट्याउनुपर्ने हुन्छ ।

### (क) शिक्षित वर्ग

औपचारिक रूपमा शिक्षा प्राप्त गरेका व्यक्तिहरूलाई शिक्षित वर्ग भनिन्छ । शिक्षा प्राप्त गरेका व्यक्तिको भाषा शिक्षा प्राप्त नगरेको भन्दा भिन्न किसिमको हुन्छ । शैक्षिक स्वरूप तथा चेतनाको स्तरलाई हेर्ने हो भने शब्द, उच्चारण, शब्दचयन, शैली र

विषयवस्तुको प्रस्तुतिको प्रक्रिया अशिक्षितको तुलनामा बढी प्रभावकारी र राम्रो हुन सक्छ । कुनै पनि मानिसको बोलीबाट नै व्यक्ति शिक्षित रहेको छुट्याउन सकिन्छ । शिक्षितहरूको भाषा शुद्ध र स्पष्ट हुन्छ । जस्तै : नेतृत्व तहमा अवसरवादी, सन्की, दुईजिब्रे, सतही र उन्मादी 'वाम' हरूको बाहुल्य बढेर गयो, शब्द र मन साथमा भएका भुलचूकमा क्षमाप्रार्थी छु आदि ।

**(ख) अशिक्षित वर्ग**

यस वर्गले प्रयोग गर्ने भाषा औपचारिक किसिमको नभए पनि समाजमा चलन चल्तीमा रहेको भाषा प्रयोग गरेको पाइन्छ (चापागाईं : २०७२ : २३) । यस वर्गले बढी भाषिकाको प्रयोग गर्दछन् । सामान्य बोलचालको भाषाको प्रयोग गर्ने व्यक्तिहरू यस वर्गअन्तर्गत पर्दछन् । यस किसिमको भाषा बढी कथ्य र त्रुटिपूर्ण हुन्छ । जस्तै : ए भालु हो, यता आओ । कुकुर्नी घर गई । चुप लाग् राँड आदि ।

### २.५.२ क्षेत्रीय भेद

एउटै भाषामा भौगोलिकताका आधारमा देखिने भेलाई नै क्षेत्रीय भेद भनिन्छ । भौगोलिक दूरी, भौगोलिक विकटताका, बसाइँसराइँ जस्ता कारणले भाषिक वक्ताहरूका बीचमा क्रमशः सम्पर्क कम हुँदै जान्छ । यस्तै गरी लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स (१९९५) मा क्षेत्रीय भेद भाषाको वक्ता कहाँको भन्ने आधारमा कुनै खास क्षेत्रको भूमिकामा देखिएको भेद हो । यो भेद उच्चारण, शब्दभण्डार र वाक्यगठनमा देखिन्छ । यसरी स्थानीय एवम् भौगोलिक कारणले एउटै भाषामा देखिने भेदलाई क्षेत्रीय भेद भनिन्छ (भण्डारी र पौड्याल, २०७२ : २८) । भौगोलिक दूरी, सम्पर्कको अभाव, समयको अन्तराल अन्य भाषिकासँगको सम्पर्कको अभाव आदिका कारण क्षेत्रीय भेद देखा पर्दछ । नेपाली भाषा दार्जिलिङ, भोजपुर, काठमाडौँ, कास्की, जुम्ला, दार्चुला, भुटान, आसाम आदिमा एउटै ढङ्गले बोलिँदैन । यसको कारण स्थनअनुसारको क्षेत्रीय भेद देखा पर्नु हो ।

### २.५.३ कालिक भेद

कुनै एउटा भाषामा समयको अन्तरालमा देखिने भिन्नतालाई नै यस भाषाको कालगत भेद भनिन्छ । एउटै भाषामा पनि विभिन्न समयमा भिन्न भिन्न भेद विकसित भएका हुन्छन् । दुई समयबिन्दुको जस्तै : प्राचीन भाषा, माध्यमिक भाषा, आधुनिक भाषालाई कालिक भेदको उदाहरणको रूपमा लिन सकिन्छ । प्राचीन नेपाली भाषामा तिब्बती र संस्कृत भाषाको प्रभाव परेको थियो भने माध्यमिककालीन नेपाली भाषामा तत्सम शब्दको बाहुल्यता रहेको पाइन्छ । समयको परिवर्तनसँगै भाषामा परिवर्तन हुने गर्दछ । यही समयको अन्तरालमा देखिएको भेद नै कालिक भेद हो ।

### २.५.४ विषयगत भेद

खास विषयसँग सम्बन्धित भाषिक भेदलाई विषयगत भेद भनिन्छ (अधिकारी, २०६७ : २२) । भाषाको प्रयोग साहित्य, कानुन, विज्ञान, प्रशासन, सञ्चार, अर्थ, वाणिज्य, कृषि, स्वास्थ्यजस्ता विविध क्षेत्रमा भएको हुन्छ (भण्डारी र पौड्याल, २०७२ : ३७) । त्यसैले विविध विषयक्षेत्रका आधारमा देखापर्ने भेदलाई प्रयोजनपरक वा विषयपरक भेद भनिन्छ । व्यक्तिले आफ्नो व्यक्तित्व पहिचान तथा पेशागत विशिष्टताका लागि सम्बन्धित क्षेत्रको भाषामा छुट्टै रूप दिन प्रयोग गरिने भाषाबाट विषयगत भेद विकास हुन्छ ।

ज्ञानविज्ञानका विभिन्न क्षेत्रहरूमध्ये प्रत्येक क्षेत्रमा प्रयोग हुने भाषा भिन्न भिन्न खालको हुन्छ । यो नै भाषाको विषयगत भेद हो । कानुनको क्षेत्रमा प्रयोग हुने भाषामा पारिभाषिक शब्द, सामान्य भविष्य, तत्कालीन क्रियापद र आगन्तुक शब्दको बाहुल्यता पाइन्छ । विज्ञान र प्रविधिको क्षेत्रमा प्रयोग हुने भाषामा प्राविधिक, पारिभाषिक शब्द, कर्मवाच्य र भाववाच्यका क्रियापद र वस्तुगत र वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । त्यसैगरी साहित्यको क्षेत्रमा प्रयोग हुने भाषामा कलात्मक, रागात्मक, आलङ्कारिकता साथै विश्लेषणात्मकता पाइन्छ । यसरी हरेक क्षेत्रमा प्रयोग हुने भाषामा विविधता पाइन्छ ।

### २.५.५ प्रसङ्गगत भेद

वक्ता र श्रोताका अन्तरक्रियााको विभिन्न परिस्थितिअनुसार प्रयोग गर्ने एउटै भाषाका भेदहरूलई नै प्रसङ्गगत भेद भनिन्छ । कुनै पनि वक्ताले विभिन्न प्रसङ्गमा भिन्न किसिमले भाषाको प्रयोग गर्दछ । वक्ताले कुन अवस्थामा कोसँग, कसरी, किन भाषाको प्रयोग गर्दैछ भन्ने आधारमा छुट्याइने भाषिक भेद नै प्रसङ्गगत भेद हो ( भण्डारी र पौड्याल, २०७२ : ३७) । वक्ता वा श्रोताले आ–आफ्नो सामाजिक, सांस्कृतिक पृष्ठभूमिका आधारमा भाषाको प्रयोग गर्दछ । यसरी आ–आफ्नो परिवेश वा प्रसङ्गमा एउटै भाषाको भिन्न भेदहरूलाई भाषाको प्रसङ्गगत भेद भनिन्छ । कुनै एउटा वस्तुलाई अवस्था, स्थान र प्रसङ्गअनुसार भिन्न भिन्नै नामले बुझाइन्छ । जस्तै : पैसालाई सन्दर्भअनुसार दक्षिणा, भेटी, टिलो भन्नु, चामललाई धार्मिक कार्यमा अक्षता, सिदा, भेटी भन्नु, कपडालाई प्रसङ्गअनुसार धरो, धजा, कात्रो भन्नु नै भाषाको प्रसङ्गगत भेद हो ।

### २.५.६ माध्यमगत भेद

माध्यमका आधारमा भाषामा देखापर्ने भेद भाषाको माध्यमगत भेद हो । यसअन्तर्गत कथ्य र लेख्य पर्दछ, जसले भाषाको प्रयोगमा विभिन्नता ल्याइदिन्छ । कथ्य भाषा औपचारिक वा प्रथम रूप हो । यो वक्ता र श्रोतासँग सम्बन्धित हुन्छ भने यो परिवर्तनशील पनि हुन्छ । लेख्य भेद लेखाइसँग सम्बन्धित भएकाले लेख्य चिह्नहरूसँग सम्बन्ध राख्दछ । यो औपचारिक र स्थिर प्रकृतिको हुन्छ । यसमा व्याकरणिक नियमको ख्याल गरिन्छ । भाषाका यिनै दुई रूपहरू माध्यमगत भेद हुन् ।

यसरी हेर्दा सामाजिक भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा हो । भाषाको समाजपरक अध्ययन सामाजिक भाषाविज्ञानले गर्दछ । प्रायोगिक भाषाविज्ञानको अध्ययन र विकासका क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको पाइन्छ । भाषा समाजबाट नियन्त्रित र निर्मित हुन्छ तथा समाजकै सक्रियतामा गतिशील र परिवर्तनशील हुन्छ भन्ने धारणा राख्दै भाषाको सामाजिक कोणबाट व्याख्या, विश्लेषण र निष्कर्ष निकाल्ने भाषिक अध्ययन नै सामाजिक भाषाविज्ञान हो । साहित्यका विभिन्न

विधाहरूलाई लेख्य भाषाद्वारा समाजमा प्रयोग गरिन्छ । साहित्यिक कृतिभित्रको भाषालाई सामाजिक दृष्टिकोणले केलाउनु र कृतिभित्र प्रयोग गरिएका पात्रहरूले कस्तो भाषाको प्रयोग गर्दछन् ? कसरी प्रयोग गर्दछन् भन्ने कुराको खोजी र अध्ययन नै समाजभाषिक अध्ययन हो । समाज भाषाविज्ञानका आफ्ना छुट्टै क्षेत्रहरू छन् । जसअन्तर्गत भाषिक समुदाय, भाषिक भेद, भाषा, भाषिका, द्वैभाषिकता, बहुभाषिकता, भाषाद्वैत, कोड परिवर्तन, कोडमिश्रण, भाषायोजना, भाषानीति, भाषान्तर, भाषा लोप, भाषाको आधुनिकीकरण र भाषाको स्तरीकरण, समाज र भाषाको सम्बन्ध, सङ्कथन विश्लेषण आदि रहेका छन् । यिनै क्षेत्रहरूको नजिक रहेर समाज भाषाविज्ञानले भाषाको अध्ययन गर्दछ ।

समग्रमा भन्नुपर्दा समाजभाषिक अध्ययन भनेको साहित्यिक कृतिमा प्रयुक्त समाजमा पात्रहरूले प्रयोग गर्ने भाषिक विशिष्टताको पहिचान हो । यसअन्तर्गत शैक्षिक, जातीय, लैङ्गिक, वर्गीय आदि कुराको अध्ययनका साथै विविध कुराको समेत पहिचान गरिन्छ ।

## अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि शोधकार्यलाई व्यवस्थित, प्रभावकारी र वस्तुगत बनाउन अवलम्बन गरिने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानका विभिन्न स्वरूप, संरचना तथा बनोट हुने गर्दछन् र त्यसै बनोटअनुसार अध्ययन विधि छनोट गर्नुपर्ने हुन्छ । अनुसन्धानका लागि आवश्यक पर्ने सामग्रीहरूको स्रोत, सामग्री सङ्कलन, सत्यापन र त्यसको परीक्षणसम्म उपयोग गरिने प्रक्रिया वा तरिकालाई नै अध्ययन विधि भनिन्छ । अनुसन्धान प्रक्रियालाई विश्वसनीय र वैध बनाई निष्कर्षसम्म पुऱ्याउन यस शोधकार्यमा पुस्तकालयीय अध्ययनको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययन गर्दा विभिन्न समाजभाषिक सिद्धान्त भएका पाठ्यपुस्तक, शोधपत्र आदिको सूक्ष्म विश्लेषण गरी पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ ।

## ३.१ सामग्री सङ्कलन

अनुसन्धान कार्य सम्पन्न गर्दा उपयोग गरिने विधिअन्तर्गत तथ्याङ्क सङ्कलनका स्रोतहरू पहिचान गर्नु एक महत्त्वपूर्ण र प्रारम्भिक चरण हो । तथ्याङ्क सङ्कलनका स्रोतहरू किटान गरिसकेपछि त्यसै स्रोतबाट सामग्री सङ्कलन गरिन्छ । अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन्, जसलाई अनुसन्धानकर्ताले तथ्याङ्क सङ्कलन गर्नुभन्दा पहिले नै पत्ता लगाई सक्नुपर्छ । यस शोधकार्यमा सामग्री सङ्कलन गर्न निम्नलिखित स्रोतहरू उपयोगमा ल्याइएको छ :

### ३.१.१ प्राथमिक स्रोत सामग्री

प्रस्तुत अनुसन्धानमा *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित भएकाले उक्त उपन्यासलाई नै मूलतः प्राथमिक स्रोत सामग्रीका रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ । साथै अध्ययनलाई दिगो र प्रभावकारी बनाउन बिस जना पाठकको अभिमतलाई समेत प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ ।

### ३.१.२ द्वितीयक स्रोत सामग्री

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोत सामग्रीअन्तर्गत शोधपत्र, सामाजिक भाषाविज्ञान र त्यससँग सम्बन्धित पाठ्यपुस्तक सामाजिक कोणबाट व्याख्या विश्लेषण गरिएका पाठ्यपुस्तक अनुसन्धानात्क लेख, शोधनिर्देशकको सल्लाह, सुझाव आदिलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ । सामग्री सङ्कलनपश्चात् पुस्तकालयीय अध्ययन, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई आधार बनाएर अध्ययन गरिएको छ ।

## ३.२ तथ्याङ्कको विश्लेषण

प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित भई सम्पन्न गरिनेछ । प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषण गरेर तथ्यहरू सङ्कलन गरिएको छ । तथ्यहरूको अध्ययन विश्लेषणका क्रममा विभिन्न विधिहरूको उपयोग गरिएको छ । मूलतः समाजभाषिक सिद्धान्तका आधारमा उपन्यासको भाषाशैलीको अध्ययन गर्दा वर्णनात्मक र निगमनात्मक विधिको प्रयोग गरिएको छ । उपन्यासका विभिन्न वर्गका पात्रहरूको भाषा विश्लेषण गर्दा आगमन विधिको प्रयोग गरिएको छ । विश्लेषणका क्रममा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीलाई उपयोग गरिएको छ ।

*दुर्भिक्ष* उपन्यासभित्र रहेको वर्गीय समाजको विश्लेषण गरिनेछ । वर्गीय समाजले बोल्ने भाषा पनि वर्गीय प्रकृतिको हुन्छ । जसलाई उच्च, मध्यम र निम्न वर्गमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । कृतिको लैङ्गिक अध्ययन गर्दा महिला र पुरुषले प्रयोग गर्ने भाषाको विश्लेषण गरिएको छ । शैक्षिक अवस्थाका आधारमा शिक्षित र अशिक्षित व्यक्तिले प्रयोग गरेको भाषाको विश्लेषण गरिएको छ । उक्त कृतिमा निहित भिन्न उमेर समूहका व्यक्तिहरूले प्रयोग गरेको भाषालाई बालभाषा, युवाभाषा र वृद्धभाषा गरी वर्गीकरण गरेर विश्लेषण गरिएको छ । विशेष गरेर वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ ।

## अध्याय चार

## उपन्यासका पात्रहरूको वर्गीय, लैङ्गिक, उमेरगत र शैक्षिक आधारमा वर्गीकरण

*दुर्भिक्ष* उपन्यास नारायण ढकालद्वारा लिखित एक उत्कृष्ट सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा निर्दलीय पञ्चायती व्यवस्थाको ज्यादती र पराकाष्ठा, गरिबीका आला घाउ र त्यसबाट सृजित कारुणिक जीवन यात्रालाई उपन्यासको मुख्य विषयवस्तुको रूपमा अगाडि सारिएको छ । निम्न वर्गका व्यक्तिहरूको जीवनशैली, आधुनिक सभ्यताले निम्त्याएको पारिवारिक विखण्डन, सम्बन्धहरूको आदर्शहीनता तथा बाँच्नका लागि व्यक्तिले गर्नुपर्ने सङ्घर्ष जस्ता पक्षको यथार्थ चित्रण यस उपन्यासमा पाइन्छ ।

हाम्रो देश बहुजाति, बहुभाषी, बहुसांस्कृतिक राष्ट्र हो । त्यसैले यहाँ विभिन्न वर्ग, जाति, लिङ्ग, शिक्षा, पेशा, व्यवसायअनुसार भिन्नाभिन्नै भाषाको प्रयोग हुने गर्दछ । यसरी भाषिक भेद सिर्जना हुने वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा यस उपन्यासमा प्रस्तुत गरिएका पात्रहरूको वर्गीकरण गर्न खोजिएको छ । समाजमा विभिन्न पेशा, धर्म, लिङ्ग, उमेर, वर्ग आदि पक्षसँग सम्बन्धित व्यक्तिहरू बसोबास गर्दछन् । यसरी नै समाजको संरचना बनेको हुन्छ । यिनकै आधारमा समाजका हरेक व्यक्ति पनि फरक फरक हुन्छन्, यसकारण एउटै भाषा प्रयोग गर्ने वक्ताहरूमा पनि विविधता पाइन्छ । यिनै माथि उल्लिखित विशेषताका आधारमा *दुर्भिक्ष* उपन्यासका पात्रहरूलाई वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ :

## तालिका नं. १

## वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा पात्रहरूको वर्गीकरण

| क.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| १. | बोधराज | – | + | – | – | + | – | + | – | – | + | – |
| २. | होटेल मालिक | + | – | – | – | + | – | – | + | – | + | – |
| ३. | सुप्रिया | – | – | + | + | – | – | + | – | – | + | – |
| ४. | हरि | – | + | – | – | + | – | + | – | – | + | – |
| ५. | डल्ली | – | – | + | + | | – | + | – | – | – | + |
| ६. | बुद्धिकृष्ण | – | – | + | – | + | – | + | – | – | + | – |
| ७. | भाउजू ( सुप्रिया) | – | – | + | + | | – | + | – | – | + | – |
| ८. | आलोक | – | – | + | – | + | – | + | – | – | + | – |
| ९. | नन्दप्रसाद | – | – | + | – | + | – | – | + | – | + | – |
| १०. | कलावती | – | – | + | + | – | – | – | + | – | – | + |
| ११. | रमा | – | – | + | + | – | – | + | – | – | + | – |
| १२. | ललिता | – | – | + | + | – | – | + | – | – | + | – |
| १३. | राजकवि | – | + | – | – | + | – | – | + | – | + | – |
| १४. | बलराम | + | – | – | – | + | – | + | – | – | + | – |
| १५. | विपिन | – | + | – | – | + | – | + | – | – | + | – |
| १६. | गणेशबहादुर | – | + | – | – | + | – | | + | – | + | – |
| १७. | विष्णु | – | – | + | + | – | – | + | – | – | + | – |
| १८. | अञ्जु | – | – | + | + | – | – | + | – | – | + | – |
| १९. | दमन | – | – | + | – | + | – | + | – | – | + | – |
| २०. | पण्डित लीलानाथ | – | + | – | – | + | – | – | – | + | + | – |
| २१. | प्रधानपञ्च | + | – | – | – | + | – | – | + | – | + | – |

| क.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| २२. | गम्बे दमाई | – | – | + | – | + | – | – | + | – | – | + |
| २३. | मखमली | – | – | + | + | – | – | + | – | – | – | + |
| २४. | पसले | – | + | – | – | + | – | – | + | – | + | – |
| २५. | रामबोल | – | + | – | – | + | – | + | – | – | + | – |
| २६. | बाङ्गे | – | + | – | – | + | – | + | – | – | + | – |
| २७. | इन्स्पेक्टर | + | – | – | – | + | – | – | + | – | + | – |
| २८. | दशरथ | – | + | – | – | + | – | - | + | – | + | – |
| २९. | हवल्दार | – | + | – | – | + | – | – | + | – | + | – |
| ३०. | पुलिस | – | + | – | – | + | – | + | – | – | – | + |
| ३१. | फूलमति | – | – | + | + | – | – | + | – | – | – | + |
| ३२. | विसुराम सार्की | – | – | + | – | + | – | + | – | – | – | + |
| ३३. | योगेन्द्र राजवंशी | – | + | – | – | + | – | | + | – | + | – |
| ३४. | माने तामाङ | – | – | + | – | + | – | + | | – | – | + |
| ३५. | लक्ष्मीकान्त खनाल | – | + | – | – | + | – | – | + | – | + | – |
| ३६. | चनमती | – | – | + | + | – | – | + | – | – | – | + |
| ३७. | जुठे | – | – | + | – | + | – | + | – | – | – | + |
| ३८. | कृष्णचन्द्र | – | + | – | – | + | – | + | – | – | – | + |
| ३९. | सैनिक | – | + | – | – | + | – | + | – | – | – | + |
| ४०. | माधवबहादुर | – | + | – | – | + | – | – | + | – | + | – |
| ४१. | गोपाल | – | – | + | – | + | – | – | + | – | + | – |
| ४२. | मुक्तिनारायण | – | + | – | – | + | – | – | + | – | + | – |
| ४३. | राधाकृष्ण | – | – | + | – | + | – | – | + | – | – | + |
| ४४. | रञ्जु | – | – | + | + | – | – | + | – | – | + | – |
| ४५. | जेलर | – | + | – | – | + | – | – | + | – | + | – |

माथि उल्लिखित तालिकाका आधारमा उपन्यासमा ४५ जना पात्रलाई उभ्याइएको छ । जसमध्ये शिक्षित ३२ र अशिक्षित १३ जना पात्रहरू रहेका छन् । त्यस्तै उपन्यासमा पात्रहरू वर्ग, लिङ्ग, उमेर, शिक्षा आदिका आधारमा भिन्न रहेका छन् । यस उपन्यासलाई वर्गीय आधारमा हेर्दा निम्न र मध्यम वर्गका पात्र बढी र उच्च वर्गका पात्रहरू कम रहेका छन् । उमेरका आधारमा हेर्दा धेरै मात्रामा युवा र प्रौढ पात्रको उपस्थिति रहेको यस उपन्यासमा एक जना वृद्ध पात्रको उपस्थिति रहेको पाइयो भने बालपात्रको उपस्थिति नै नरहेको पाइयो । लिङ्गको आधारमा महिलाको तुलनामा पुरुषको उपस्थिति बढी देखिन्छ । शैक्षिक स्तरको आधारमा हेर्दा पनि शिक्षित र अशिक्षित पात्रको उपस्थिति रहेको यस उपन्यासमा अशिक्षित तुलनामा शिक्षित पात्रको बाहुल्यता रहेको पाइन्छ ।

वर्गीय आधारमा *दुर्भिक्ष* उपन्यासमा उच्च, मध्यम र निम्न पात्रको उपस्थिति रहेको पाइन्छ । जसमा उच्च वर्गीय पात्रहरूमा होटेल साहू, प्रधानपञ्च, बलराम र इन्स्पेक्टर पर्दछन् भने मध्यम वर्गीय पात्रहरूमा बोधराज, हरि, राजकवि, विपिन, गणेशबहादुर, पण्डित लीलानाथ, रामबोल, बाङ्गे, दशरथ, हवल्दार आदि पर्दछन् । त्यसैगरी निम्न वर्गको पात्रअन्तर्गत सुप्रिया, नन्दप्रसाद, कलावती, आलोक, बुद्धिकृष्ण, डल्ली, विष्णुलक्ष्मी, चनमती, जुठे आदि पर्दछन् । यसरी प्रस्तुत उपन्यासमा वर्गीय आधारमा पात्रको प्रयोग गरिएको छ ।

उमेरका आधारमा पनि पात्रलाई वर्गीकरण गर्न सकिन्छ । प्रस्तुत उपन्यासमा बाल पात्रको खासै उपस्थिति देखिँदैन । त्यस्तै युवा पात्रको रूपमा बोधराज, सुप्रिया, आलोक, बुद्धिकृष्ण, हरि, डल्ली, भाउजू, पुलिस, फूलमती, रमा, ललिता, बलराम आदि रहेका छन् भने प्रौढ पात्रको रूपमा नन्दप्रसाद, कलावती, राजकवि, गणेशबहादुर, प्रधानपञ्च रहेका छन् भने वृद्ध पात्रको रूपमा पण्डित लीलानाथ देखा परेका छन् ।

शैक्षिक आधारमा उपन्यासका पात्रहरूलाई शिक्षित र अशिक्षित गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । शिक्षित वर्गमा बोधराज, सुप्रिया, आलोक, बुद्धिकृष्ण, प्रधानपञ्च,

नन्दप्रसाद आदि पर्दछन् भने अशिक्षित पात्रका रूपमा डल्ली, कलावती, गम्बे दमाई, मखमली, फूलमती, विसुराम सार्की, माने तामाङ, चनमती, जुठे आदि रहेका छन् ।

लैङ्गिक आधारमा पुरुष र स्त्रीलिङ्गको प्रयोग यस उपन्यासमा गरिएको छ । स्त्रीभन्दा पुरुषको सङ्ख्या बढी रहेको यस उपन्यासमा पुरुष पात्रको रूपमा बोधराज, हरि, आलोक, बुद्धिकृष्ण, नन्दप्रसाद आदि रहेका छन् भने महिला पात्रको रूपमा सुप्रिया, डल्ली, विष्णु, कलावती, चनमती, मखमली, फूलमती आदि रहेका छन् ।

यसरी *दुर्भिक्ष* उपन्यासका पात्रहरूको वर्गीकरण गर्ने आधारहरूमा वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा गरिएको छ । पात्रहरूलाई वर्गीय आधारमा उच्च, मध्य र निम्न, उमेरगत आधारमा युवा, प्रौढ र वृद्ध, लैङ्गिक आधारमा महिला र पुरुष, शैक्षिक आधारमा शिक्षित र अशिक्षित गरी वर्गीकरण गरिएको छ ।

## अध्याय पाँच

# वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा पात्रहरूले प्रयोग गर्ने भाषिक स्थितिको विश्लेषण

जहाँ समाज रहेको हुन्छ, त्यहाँ वर्ग पनि रहेको हुन्छ । समाज विभिन्न सामाजिक संरचनाको पुञ्ज हो, जहाँ वर्ग, लिङ्ग, उमेर तथा शैक्षिक र उमेरगत आधारलाई मुख्य आधारको रूपमा लिइएको छ । वर्गीय आधारमा समाजमा उच्च, मध्यम र निम्न वर्ग रहेका हुन्छन् । यस उपन्यासमा पनि उच्च, मध्यम र निम्न वर्गको उपस्थिति रहेको छ । उच्च वर्गका पात्रको भाषिक प्रयोगको स्थिति आदेशात्मक तथा उच्च प्रकृतिको हुन्छ । यस्ता चरित्रले अरुलाई हेप्ने, थिचोमिचो गर्ने, घरमा नोकरचाकर राख्ने प्रवृत्ति रहेको हुन्छ । मध्यम वर्गको भाषिक स्थिति मध्यम खालको हुन्छ । उनीहरूको भाषामा तपाईं, हजुर जस्ता भाषिक प्रयोग पाइन्छ भने निम्न वर्गको भाषिक स्थिति तल्लो स्तरको हुन्छ । उनीहरूको भषामा तँ, तिमी जस्ता शब्दका साथै स्थानीय भाषिकाको प्रयोग समेत गरिएको हुन्छ ।

लैङ्गिक आधारमा पनि पुलिङ्ग र स्त्रीलिङ्गको भाषिक स्थिति फरक पर्दछन् । समाजमा यी दुई वर्गले समाजको प्रतिनिधित्व गरेका छन् । पुरुषले बोल्ने भाषामा ठाडोपन, आदेशात्मकता, रुखोपन पाइन्छ भने महिलाले बोल्ने भाषामा नम्र, कोमलता, मायालुपन पाउन सकिन्छ ।

उमेरका आधारमा पनि समाजमा बोल्ने भाषामा फरक पाइन्छ । समाजमा सबै किसिमका मानिसहरू रहेका हुन्छन् । सबैको भाषिक स्थिति एउटै हुँदैन । बालकको भाषमा निश्चलता र कोमलता, युवाको भाषामा शृङ्गारिकता, प्रौढको भाषामा निखारता र मानकता र वृद्धको भाषामा अर्ती उपदेश र प्रभुस्तुति पाइन्छ ।

शैक्षिक आधारमा उपन्यासमा शिक्षित र अशिक्षित गरी दुई वर्गलाई लिन सकिन्छ । शिक्षित व्यक्तिको भाषिक प्रयोगमा मानकता र औपचारिकतालाई बढी जोड दिइन्छ र उच्च स्तरका भाषाहरू समेत प्रयोग गर्दछन् । अशिक्षित वर्गका मानिसहरू

औपचारिकतालाई निभाउन सक्दैनन्, स्थानीय भाषिकाको प्रयोग बढी गर्दछन् । अतः *दुर्भिक्ष* उपन्यासमा रहेका पात्रहरूले प्रयोग गर्ने भाषालाई वर्ग, लिङ्ग, उमेर र शिक्षाको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## ५.१ वर्गीय आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

सामान्यतया आर्थिक स्थितिलाई आधार मानी समाजमा रहेका सदस्यहरूको समाजले वर्ग विभाजन गरेको हुन्छ । समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । जहाँ समाज रहेको हुन्छ, त्यहाँ वर्ग पनि रहेको हुन्छ । समाजमा रहेका वर्गले पूर्णतः सामाजिक भेदलाई देखाउँछ र त्यहीअनुरूपको सामाजिक, आर्थिक स्तरसँगै व्यावसायिक पेशा पनि मिल्ने गर्दछ । नेपालका सन्दर्भमा खासगरी उच्च, मध्यम र निम्न गरी तीन प्रकारका सामाजिक तह निर्धारण गरी भाषिक भेदलाई अध्ययन गर्न सकिन्छ । *दुर्भिक्ष* उपन्यासमा उच्च, मध्यम र निम्न गरी तीनवटै वर्गलाई समेटिएको छ ।

### ५.१.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण

समाजमा रहेका व्यक्ति वा सदस्यहरू जो आर्थिक स्थितिका हिसाबले सबल रहेका छन्, त्यस्ता समूहलाई समाजले उच्च वर्गको स्थान दिइएको हुन्छ । शिष्ट, स्तरीय भाषाको प्रयोग गर्नु यस वर्गको विशेषता हो । आफूभन्दा निम्न आयस्तर भएका वा तल्लो वर्गका व्यक्तिहरू माथि हैकमवादी भाषाको समेत प्रयोगले उनीहरूको उच्च अहम्ताको बोध गराउँदछ । *दुर्भिक्ष* उपन्यासमा उच्च वर्गीय पात्रहरूले प्रयोग गरेको भाषिक संवादका केही अंशहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**होटेल मालिकको संवाद**

- "त्यस्तो केही होइन आज ड्युटी सकिएपछि तिमी मसित कतै जानुपर्छ ।" (पृ. २१)
- "म कहीं लैजाउँला, यो तिम्रो चिन्ताको विषय होइन । तर आज राति तिमी र म सँगै एउटा एकान्तमा हुनेछौं ।" (पृ. २१)

माथि उल्लिखित संवादमा उच्च वर्गीय पात्रले प्रस्तुत गर्ने भाषिक स्वरूप स्पष्ट रूपमा देखा परेको छ । होटेल मालिक सम्पन्न र उच्च वर्गीय पात्र हो । उसले आफ्नो उपन्यासमा तमाम नोकर चाकर राखेको छ । उनीहरूको खुन, पसिनामा रजाइ गर्दै शारीरिक बलात्कार र शोषण गर्न समेत ऊ अग्रसर छ । सुप्रियासँग शारीरिक आशक्ति मेटाउनका लागि माथि उल्लिखित संवाद उसले बोलेको देखिन्छ । उक्त संवादमा रहेका तिमी मसित कतै जानुपर्छ, यो तिम्रो चिन्ताको विषय होइन, राती तिमी र म सँगै एउटा एकान्तमा हुनेछौ जस्ता भाषिक संवादका स्वरूपले उच्च वर्गीय भाषाको प्रतिनिधित्व गरेको छ ।

**प्रधानपञ्चको संवाद**

- "खुब मजाकी छे बजिया ! तेरी स्वास्नी पनि बूढी भइसकी । उसको त छाला पनि अमिलो भइसक्यो होला । यो त नौनी जस्ती छे मोरा । कसो मखमली ?" (पृ. ५३)
- "एमा राँडीका सन्तान हो, लात्ताले ढाड खुस्काउनु पऱ्यो ।" (पृ. ६४)
- "अब तिमीले आफ्नो अवस्थाबारे स्पष्ट हुने बेला आएको छ, किनकि तिम्रै कारणले गर्दा गाउँमा अराजकता र अव्यवस्थाको स्थिति बलियो भएर आयो । यो मेरो गाउँ हो । यो गाउँको अवस्था बिग्रिएको म टुलुटुलु हेरेर बस्न सक्दिनँ । म यो गाउँको संरक्षक हुँ ।" (पृ. ८३)
- "ए बूढा गाँजा तान्न छोडया छैन कि क्या तैँले ।" (पृ. ८६)
- "त्यसले आजसम्मको मेरो सबै इज्जतलाई नरकमा डुबायो । जा अघिल्तिर नबस् ।" (पृ. ९६)
- "ल हेर, एक हप्तामै दुब्लाएर कौवा जस्तै भएका ! किन सुर्ता गर्नुपऱ्यो ? कुलमा एउटा बुद्धिहीन जन्मियो भनेर यस्तो पीर गर्ने ? के हामी छैनौँ ? हामी पनि आमाको दुध चुसेर हुर्केका हौँ घुडा चुसेर त हैन नि !" (पृ. ९७)
- "ए अधम सारा जनतासँग माफी माग । माफी माग्छस् भने एकपटकलाई क्षमा गर्न पनि सकिन्छ ।" (पृ. १०१)

- "भन ए दमिनीको पोइ पाप र धर्मको चेत छैन नराधम ?" (पृ. १०३)
- "हेडमास्टर भएर दमाई, कामी र सार्कीका छोराहरूसित हात मिलाउँछ ।" (पृ. १५५)

माथि उल्लिखित संवादमा यो त नौली जस्ती छे मोरा, एमा राँडीका सन्तन हो, म यो गाउँको संरक्षक हुँ, ए बूढा, जा अघिल्तिर नबस्, हामी पनि आमाको दुध चुसेर हुर्केका हौ, घुडो चुसेर त हैन नि, ए अधम सारा जनतासँग माफी माग, पाप र धर्मको चेत छैन नराधम, दमाई, सार्कीका छोराहरूसित हात मिलाउँछ जस्ता भाषिक संवादमा उच्च वर्गीय पात्रको भाषिक स्वरूप देखिएको छ । जसले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गरेको समेत देखाएको छ । त्यसकारण उक्त संवादलाई उच्च वर्गीय पात्रको भाषिक संवादका रूपमा लिन सकिन्छ ।

### ५.१.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण

मध्यम वर्गीय समुदायले प्रयोग गर्ने भाषिक भेद नै वास्तविक भेद हो । मध्यम वर्गीय समुदायको भाषामा उच्च वर्गको जस्तो देखावटीपन र निम्न वर्गको जस्तो भाषिक शुद्धता हुँदैन । यस उपन्यासमा मध्यम वर्गका पात्रको भाषिक प्रयोग स्पष्ट रूपमा भेटाउन सकिन्छ । मध्यम वर्गीय पात्रहरूमा बोधराज, हरि, राजकवि, विपिन, गणेशबहादुर, पण्डित लीलानाथ, रामबोल, हवल्दार, दशरथ, पुलिस आदि रहेका छन् । प्रस्तुत उपन्यासमा रहेको मध्यम वर्गीय पात्रको भाषिक प्रयोगलाई निम्नानुसार देखाउन सकिन्छ :

**हवल्दारको संवाद**

- "ल भाइ यही बस । दशा बिग्रिएपछि यस्तै सास्ती पाइन्छ बुझ्यौ ?" (पृ. ६१)
- "यसको राम्ररी रेखदेख गर्नु । यो भाग्यो भने तेरो ज्यान जाला । अन्तर्राष्ट्रिय तत्त्व हो यो । बुझिस् कि बुझिनस् ?" (पृ. ६१)

- "ए आलोकप्रसादलाई उठ्नोस् । तपाईँले यस्तो गल्ती गर्न नहुने आखिर तपाइँ पनि गरिबकै छोराजस्तो देखिनुहुन्छ, तर जुन राजनीति आए पनि भोलि पिधिनेमा गरिब गुरुबा नै हुन् ।" (पृ. ६४

माथि उल्लिखित संवादमा मध्यम वर्गीय भाषिक स्वरूप देखा परेको छ । उक्त संवादमा प्रस्तुत गरिएका दशा बिग्रिएपछि यस्तै सास्ती पाइन्छ, यसको राम्ररी रेखदेख गर्नु, तपाईँले यस्तो गल्ती गर्न नहुने आखिर तपाइँ पनि गरिबकै छोरो जस्तो देखिनुहुन्छ जस्ता भाषिक संवादमा मानक, स्तरीय, शुद्ध र औपचारिक भाषिक स्वरूप देखिएकाले उक्त संवादमा प्रयुक्त भाषालाई मध्यम वर्गीय भाषिक स्वरूपको रूपमा लिन सकिन्छ ।

**हरिको संवाद**

- "के नराम्रो गरिस् भन् न ? तैँले गर्दा फेरि म वेश्याहरूको हुलमा पुगी । आफ्नो मात्र कुरा गर्ने ? आत्मकेन्द्री हुनुको पनि एउटा हद हुन्छ नि ! आफ्नो लालसाद्वारा अरुको सपना भत्काइदिने ? यो कहाँसम्मको ज्यादती हो ?" (पृ. १८३)
- "बोधराज ! छोड्दे यो पागलपन । अनावश्यक रूपमा किन कसैको पछि लाग्ने ? नदुखेको टाउको बेकारमा किन दुखाउने ।" (पृ. १८९)
- "तर वेश्याहरूले पनि एकबखतमा दुईटा लोग्ने मानिसलाई आफ्नो हृदयमा स्थान दिन सक्दैनन् । हुन सक्छ, उनीहरू एकै दिनमा दर्जन घिन लाग्दा मानिसहरूसित सुत्छन् । तर त्यस्तो कदापि गर्दैनन्, जुन रञ्जुले सहजै गरेर देखाई ।" (पृ. १९०)

माथि उल्लिखित संवादमा मध्यम वर्गले प्रयोग गर्ने भाषिक स्वरूप र संरचनाको स्थितिलाई देखाएको छ । पात्रको जीवन भोगाइ उसले गर्ने कार्य, साथीहरूसँग कुरा गर्दाको विशेष प्रसङ्ग आदिमा मध्यम वर्गीय भाषाको स्वरूप देखा परेको छ । जस्तै आत्मकेन्द्री हुनुको पनि एउटा हद हुन्छ नि ! आफ्नो लालसाद्वारा अरुको सपना भत्काइदिने, नदुखेको टाउको बेकारमा किन दुखाउने, तर वेश्याहरूले पनि एक बखतमा दुईटा लोग्ने मानिसलाई आफ्नो हृदयमा स्थान दिन सक्दैनन् जस्ता भाषिक संवादलाई

विश्लेषण गर्दा मानक र स्तरीय भाषाको नमुना देखा परेकाले प्रस्तुत संवाद मध्यम वर्गले प्रयोग गरेका भाषिक संवादमा नमुना हुन् ।

### ५.१.३ निम्न वर्गीय पात्रहरूको भाषिक विश्लेषण

*दुर्भिक्ष* उपन्यासको समग्र कथानक र उद्देश्यको अन्तरवस्तु निम्न वर्गीय पात्रहरूकै सेरोफेरोमा केन्द्रित रहेको छ । यस उपन्यासमा गरिब, दुःखीहरूको निम्न वर्गीय अवस्थाको जस्ताको त्यस्तै चित्रण गरिएको छ । उपन्यासमा ग्रामीण सन्दर्भ, सामान्य कुराकानी आदि कुराहरू निम्न वर्गीय भाषाभित्र पर्दछ । समाजमा रहेका व्यक्ति वा सदस्य जो आर्थिक रूपले कमजोर रहेका छन् । यस्ता वर्ग वा सदस्यलाई निम्न वर्गको रूपमा लिइन्छ । यिनीहरूले बोल्ने भाषा प्रायः कथ्य, अमानक, अनादर, अशिष्ट र अनौपचारिक प्रकृतिको हुन्छ । यस उपन्यासमा निम्न वर्गीय पात्रले प्रयोग गरेका भाषिक संवादलाई निम्नानुसार देखाउन सकिन्छ :

**सुप्रियाको संवाद**

- "के गर्नु हजुर ! आफ्नो भाग्यमै त्यही लेख्या छ भने अर्को थोक गर्न पनि सकिँदैन ।" (पृ. ८)
- "जतिसुकै नराम्रो भए पनि काम गर्नु मेरो बाध्यता हो ।" (पृ. ९)
- "दाइ एक जना मात्रको कमाइ थियो, तर अहिले फेरि ऊ बेरोजगार छ । आखिर यो पनि मानिसले नै गर्ने काम हो । यहाँ काम गर्ने अरु केही त अझ मभन्दा पनि अभागी छन् सर । सबैको आ–आफ्नै दुःख र पीरको कथा छ ।" (पृ. १०)
- "केही फरक पर्दैन सर ! यसअघि पनि त म बेरोजगारै थिए नि ! तर तीन महिनापछि चाहिँ जसरी पनि मैले काम पाउनै पर्छ । काम पाइएन भने त्यो मेरो जीवन मरणको सवाल हुन्छ सर ।" (पृ. ११)
- "मलाई त सर भन्न पाएकै राम्रो लाग्छ । अझ हजुर जस्तो धर्मात्मालाई यो सम्बोधन पनि अपुग हुन्छ जस्तो लाग्छ ।" (पृ. ११)

माथि उल्लिखित संवाद निम्न वर्गीय पात्रले प्रयोग गरेका भाषिक संवाद हुन् । आफ्नो अस्मितालाई दाउमा लगाएर पेटको ज्वाला निभाउनका लागि काम गरिरहेकी नारी प्रतिनिधिको रूपमा उसलाई लिन सकिन्छ । कामको दौरानमा मालिक, ग्राहक र साथीहरूसँग प्रस्तुत हुँदा माथि उल्लिखित संवादको प्रयोग गरिएको छ । जस्तै : के गर्नु हजुर आफ्नो भाग्यमा त्यही लेख्याछ भने, जतिसुकै नराम्रो भए पनि काम गर्नु मेरो बाध्यता हो, सबैको आ–आफ्नो दुःख पीरको कथा छ, काम पाइएन भने त्यो मेरो जीवन मरणको सवाल हुन्छ सर, हजुर जस्तो धर्मात्मालाई यो सम्बोधन पनि अपुग हुन्छ । जस्ता संवादमा बिन्ती, सेवा, चाकडी, चाप्लुसी, विवश र बाध्यतापूर्ण आवाज देखाएकाले उक्त संवादलाई निम्न वर्गीय संवादका रूपमा लिन सकिन्छ ।

**गोपालको संवाद**

- "भलादमीहरू बस्ने हिसाबमा यो रोल किमार्थ ठीक छैन । तर के गर्ने बाध्यता छ । यो बाध्यताको सामना त गर्नैपर्छ । आखिर आत्महत्या पनि त गर्न सकिन्न ।" (पृ. १२३)
- "जीवनमा आदर्श र व्यवहारको बीचमा ठूलो खाडल हुने रैछ । कुरा एउटा गऱ्यो तर व्यवहार त्यो कुराअनुरूप नहुने रैछ । पापी हामी होइनौं, हाम्रो बाँच्नुको कारणभित्र पाप पनि गाँसिएको छ ।" (पृ. १२३)
- "हामी केही बुझ्दैनौं कविज्यू तपाइँको राज्यमा हाम्रो घर अँध्यारो हुनु भएन र हाम्रो चुलो पनि बल्नु पऱ्यो ।" (पृ. १२३)

गोपाल निम्न वर्गीय चरित्र हो । उसले समाजका उपल्ला वर्गसँग निम्न वर्गलाई स्वतन्त्रतापूर्वक बाँच्न दिनुस् भनी प्रस्तुत संवाद प्रयोग गरेको छ । जस्तै : आखिर आत्महत्या पनि गर्न सकिन्न, पापी हामी हौइनौं हाम्रो बाँच्नुको कारणभित्र पाप पनि गाँसिएको छ, तपाइँको राज्यमा हाम्रो घर अँध्यारो हुनु भएन र हाम्रो चुलो पनि बल्न पऱ्यो जस्ता भाषिक संवादले गरिबीको चपेटामा जीवन व्यतित गरिरहेका तमाम

मानिसको जीवन भोगाइको प्रतिनिधित्व गरेकाले माथिका संवादमा निम्न वर्गीय भाषिक संवादको स्वरूप देखिन्छ ।

## ५.२ उमेरगत आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

भाषिक भेद सिर्जना गर्ने तर एक महत्त्वपूर्ण माध्यम उमेर पनि हो । त्यसैले समाजभाषिक अध्ययन गर्ने क्रममा उमेरका आधारलाई समेत मुख्य आधारको रूपमा लिन सकिन्छ । उमेरको आधारमा व्यक्तिले भाषाको प्रयोग भिन्न–भिन्न तरिकाले गर्दछ । जस्तै : बालकले प्रयोग गर्ने भाषामा बढी कोमलता पाइनु, युवाले बोल्ने भाषामा बढी मात्रामा शृङ्गारिकता पाइनु तथा प्रौढ/वृद्धहरूको भाषामा व्यावहारिकता पाइनु आदि जस्ता कारणले भाषामा विभेद सिर्जना गर्दछ । यसरी उमेरका आधारमा उपन्यासका पात्रहरूलाई बाल, युवा, प्रौढ र वृद्ध गरी चार भाषामा वर्गीकरण गरी भाषिक विश्लेषण गर्न सकिन्छ । *दुर्भिक्ष* उपन्यासमा उमेरगत आधारभित्र पर्ने बाल, युवा, प्रौढ र वृद्ध पात्रहरूमध्ये बालभाषाको प्रयोग गरिएको छैन । अन्य आधारको भाषिक प्रयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ५.२.१ युवा पात्रहरूको भाषिक विश्लेषण

*दुर्भिक्ष* उपन्यासमा प्रमुख पात्रको रूपमा युवाहरू नै रहेका छन् । युवाहरूको भाषामा बढी शृङ्गारिकता पाइन्छ । रसिला, रमाइला, ठट्यौली र क्रान्तिकारी भावना जागृत गर्ने भाषा युवाहरूले प्रयोग गर्दछन् । यस उपन्यासमा बोधराज, सुप्रिया, आलोक, हरि, डल्ली, रमा, ललिता, बलराम, विपिन, विष्णु, अन्जु, दमन आदिलाई युवा पात्रको रूपमा लिन सकिन्छ । युवा पात्रले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**बोधराजको संवाद**

- “अब म सुप्रियालाई अन्तस्करणदेखि नै प्रेम गर्छु । आखिर ऊ पनि म जस्तै टुहुरी हो । अब म जिन्दगीभर उसैसँग रहने छु ।” (पृ. १२)

- "सुप्रिया त्यस्ती छैन उसमा सरलता र सज्जनताको ठूलो भण्डार छ भन्ने तँ आफैं पनि बुझ्छस् । मैले भनिहाले नि उसका सरल र सपार ओठहरू ।" (पृ. १३)
- "उसले मलाई प्रेम गर्न सक्दिन भनी भने के गर्ने ? म त पागलै हुन्छु सोम ! साँच्चै म पागल हुन्छु ।" (पृ. १४)
- "मैले तँलाई भनिसके कि अब म जिन्दगीभर त्यो ठाउँमा जान्न । म त्यहाँ गएको मेरी सुप्रियालाई पनि मन पर्दैन ।" (पृ. १६)
- "सुप्रिया म तिमीलाई धेरै मन पराउँछु । म तिमीलाई प्रेम गर्छु । म तिमीसित सारा जीवन समाप्त गर्न चाहन्छु । म तिम्रो सहयात्री हुन चाहन्छु ।" (पृ. १६८)
- "यौन नभएको प्रेम पनि होला र संसारमा ? होला प्रेमका अन्य परिभाषाका हकमा तर मेरो र तिम्रो सम्बन्धको हकमा ती परिभाषाको कुनै अर्थ छैन ।" (पृ. १७३)
- "तिमी वेश्या होइनौ । कोही पनि वेश्या हुँदैन । परिस्थितिले तिमी त्यहाँ पुगेकी हौ । हामी तिम्रा दुःखका साझेदार हौ । तिमी हामी असल साथी हौं ।" (पृ. २१२)

माथि उल्लिखित संवादमा युवा पात्रले प्रयोग गर्ने भाषिक संवादका स्वरूप स्पष्ट रूपमा देख्न सकिन्छ । जस्तै : अब म सुप्रियालाई अन्तस्करणदेखि नै प्रेम गर्छु, मैले भनिहाले नि उसका सरल र सपार ओठहरू, उसले मलाई प्रेम गर्न सक्दिन भनी भने के गर्ने, म त्यहाँ गएको मेरी सुप्रियालाई पनि मन पर्दैन, म तिमीसित सारा जीवन समाप्त गर्न चाहन्छु, यौन नभएको प्रेम पनि होला र संसारमा आदि जस्ता भाषिक संवादमा प्रेम, प्रणय, वासना र शृङ्गारिकताले स्थान पाएको कारण उपर्युक्त संवादलाई युवा पात्रको भाषिक संवादका रूपमा लिन सकिन्छ ।

**सैनिकको संवाद**

- आफ्नो गाउँमा यति राम्रो फूल फुलेको छ, तर हामी फूल टिप्न अरु गाउँमा जान्छौं ।"

- “यो फूल मात्र त के हुन्थी र शहरको फ्रिजमा राखेको कोकाकोला नै हो । अहिलेको गर्मीमा पिउँदा क्या शानसँग प्यास मेटिन्छ ।”
- “होइन होइन यो त शत्रुघ्न सिन्हाले खाने ब्याग पाइपर ह्विस्की हो, खायो कि जिन्दगीभर नशाले छोड्दैन ।” (पृ. ११६)

माया, प्रेम र शृङ्गारिकता युवाहरूको भाषामा पाइने मुख्य विशेषता हो । माथि उल्लिखित संवादमा आफ्नै गाउँमा पनि राम्रो फूल फुलेको छ, यो फूल मात्र त हुन्थी शहरको फ्रिजमा राखेकी कोकाकोला हो । खायो कि जिन्दगीभर नशाले छोड्दैन जस्ता भाषिक संवादमा शृङ्गारिक विचारलाई विभिन्न कोड, सङ्केत, विम्ब र प्रतीकको माध्यमबाट प्रस्तुत गरेका कारण प्रस्तुत संवादलाई युवा पात्रको संवादको रूपमा लिन सकिन्छ ।

**आलोकको संवाद**

- “होइन दिदी यहाँबाट भाग्नुको कुनै अर्थ छैन । अगाडि हाम्रा साथीहरू मारिएका छन् । हामी पुच्छर लुकाएर कसरी भाग्ने ?” (पृ. ३४)
- “यो पञ्चायतको दलाली हो । म यसको सदस्य पनि लिन्न र दलाल पनि बन्दिन ।” (पृ. ५६)
- “के को पाप ? तिमी पनि हामी जस्तै मान्छे होइनौ र ?” (पृ. ६६)
- “हामी राजनीतिक केसको भएकाले यसले हामीलाई हेप्ने आँट गर्दैन । तर अरु असहाय बन्दीलाई यसले राती चौकीमा बोलाउँछ र तेल मालिस गर्न भन्छ । त्यसपछि बलत्कार गर्छ ।” (पृ. ७४)
- “के स्वतन्त्रताको सपना देख्नु अपराध हो ? के उज्यालोको कामना गर्नु अपराध हो ? यदि हो भने किन हामीलाई आमाको सपना पहाडी पुकार र यहाँ क्रान्तिविना शान्ति हुँदैन भन्ने पढाइन्छ ।” (पृ. ७७)
- “कागज गरेर त म कदापि छुट्दिनँ । म अपराधी होइन ।” (पृ. ८०)

युवा पात्रको प्रयोग बढी मात्रामा गरिएको यस उपन्यासमा आलोक मुख्य युवा पात्रको रूपमा देखिएको छ । आलोकले सामन्ती, निकृष्ट र यथास्थितिवादी समाजलाई परिवर्तन गरी शान्त, स्वच्छ र समतामूलक समाज निर्माण गर्नुमा युवाको मुख्य भूमिका हुने र युवाले चाहेमा जस्ता सुके अजङ्गका भिमकाय पर्वत ढलाउन सक्ने विचार अभिव्यक्त गर्दा प्रस्तुत संवाद प्रयोग व्यवहारमा ल्याएको देखिन्छ । उपर्युक्त संवादमा हामी पुच्छर लुकाएर कसरी भाग्ने, यो पञ्चायतको दलाली हो, तिमी पनि हामी जस्तै मान्छे होइनौ र, राती चौकीमा बोलाउँछ र तेल मालिस गर्न भन्छ, के स्वतन्त्रताको सपना देख्नु अपराध हो, म अपराधी होइन जस्ता संवादमा युवाको जोश, जाँगर, आक्रोश र परिवर्तनकारी स्वर देखिएकाले प्रस्तुत संवादलाई युवा पात्रको संवादका रूपमा लिइएको छ ।

### ५.२.२ प्रौढ पात्रहरूको भाषिक विश्लेषण

*दुर्भिक्ष* उपन्यासमा पात्रहरूको उमेरलाई देखाइएको छैन । पात्रहरूले उपन्यासमा देखाएको व्यवहारको आधारमा पात्रहरूलाई वर्गीकरण गरिएको छ । प्रौढहरूले प्रयोग गर्ने भाषामा व्यावहारिकता, परिपक्वता, स्पष्टता, मानकता जस्ता विविध कुराहरू रहेका हुन्छन् । यस उपन्यासमा प्रौढ पात्रका रूपमा नन्दप्रसाद, कलावती, राजकवि, गणेशबहादुर, प्रधानपञ्च, गम्बे दमाई, पसले, माधवबहादुर, मुक्तिनारायण आदि रहेका छन् । प्रस्तुत उपन्यासमा प्रौढ पात्रले प्रयोग गर्ने भाषिका संवादलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**नन्दप्रसादको संवाद**

- "यो तेरो उमेर सक्दो पढ्ने र आफ्नो भविष्य बनाउने उमेर हो । दु:ख जे जति आइपर्छ, तेरी आमा र मैले व्यहोर्दै आएका छौ । दाइले पनि केही सहयोग गर्न थालेको छ । त्यसमा तैँले कुनै सुर्ता लिनु पर्दैन ।" (पृ. ४८)

- "सुनिस् तेरो छोरो आलोक निकै प्रतिभाशाली छ । अहिलेसम्म उसको कुनै सहपाठीले उसलाई उछिन्न सकेको छैन । अब माध्यमिक तहमा गएर पनि यसै गर्न सक्यो भने यो गाउँको नाक राख्ने यही हुनेछ ।" (पृ. ५७)
- "दसैंमा एकदिन प्रधानपञ्च पनि एकदमै शान्तिप्रिय हुन्छ । दसैं एकता र मित्रताको पर्व हो ।" (पृ. ६७)
- "किरिया खा । मेरो जिउ छन्जेल कहीँ भाग्दिन भनेर किरिया खा । मेरो औंला टोकेर किरिया खा ।" (पृ. ८०)
- "यस्तो कठोर निर्णय नगरियोस् । यो एउटा छोरो मेरो कोखमा मुसल भएर जन्मियो भन्दैमा चार गाउँमा मेरो हुर्मत लिने काम नगरियोस् ।" (पृ. ८५)
- "मैले गोरु जोतेर भए पनि भाइलाई पढाए । अहिले मेरै दुःखले गाउँको शिक्षक हुन सकेको छ । बाआमाको काजकिरिया, श्राद्ध, चाडपर्व सबै मैले नै सम्पन्न गर्नुपर्छ उसलाई त के छ र ?" (पृ. ९१)
- "तिमीहरू कोहीले पनि पीर मान्नु पर्दैन । मेरो जीवन छन्जेल कसैले पीर गर्नु पर्दैन । शहरमा दरबान भएर पनि म तिमीहरूलाई पालुँला ।" (पृ. ९२)
- "हेर झिल्के, यो जीवन र भाग्य भनेको अनौठो संयोग रहेछ । यस्तै एउटा संयोगलाई आज म पनि सामना गर्दैछु । यो राजा रामचन्द्रको वनवास अथवा पाण्डवहरूको जङ्गल निर्वासनभन्दा पनि चर्को वियोग हो मेरो ।" (पृ. ९३)
- "छोरीले धेरै पढ्न त जरुरी छैन तर अब नयाँ जमाना आयो । बिहा गर्नलाई पनि केही पढेका केटीहरू भए सजिलो हुने भएको छ ।" (पृ. १०५)
- "संस्कार र कुलको कुरा पनि कहिलेकाहीँ अपवाद जस्तो हुने रैछ । हेर त त्यस्तो इज्जतदार पण्डित रामचन्द्रको कुलमा किस्नचन्द्रे जस्तो शैतानले जन्म लिएको ।" (पृ. ११२)

माथि उल्लिखित संवादहरू उपन्यासमा प्रौढ पात्रले प्रयोग गरेका भाषिक संवाद हुन् । जसमा यो तेरो उमेर सक्दो पढ्ने र आफ्नो भविष्य बनाउने उमेर हो, सुनिस् तेरो छोरो आलोक निकै प्रतिभाशाली छ, दसैं एकता र मित्रताको पर्व हो, मेरो औंला टोकेर जोतेर भए पनि भाइलाई पढाए, सहरमा दरबान भएर पनि म तिमीलाई पालुला, यो जीवन र भाग्य भनेको अनौठो संयोग रहेछ, संस्कार र कुलको कुरा पनि कहिलेकाहीँ अपवाद जस्तो हुने रैछ आदि संवदमा प्रौढ पात्रको भाषामा देखिने व्यावहारिक, मानक, स्तरीय जस्ता भाषिक विशेषता देखिएकाले उक्त संवादलाई प्रौढ पात्रको भाषिक संवादको रूपमा लिइएको छ ।

**माधवबहादुरको संवाद**

- "होइन ए दाजुलाई दिदी बहिनी हो, किन धुमधुम्ती भित्र मात्रै बसेको ? बाहिर निस्कनुहोस् । टोल छिमेकमा पहिचान गरौ । एकदिन सबले मर्नैपर्छ । किन दुःखी हुनु ? आखिर दुःख सुख भनेको हाम्रो नियन्त्रणभन्दा बाहिरकै कुरा रैछ ।" (पृ. १२१)
- "सरकारलाई थाहा थियो यस्तो हुन्छ भनेर, तर पनि जगेडा राख्न नसक्नु सरकारको कायरता हो ।" (पृ. १३२)
- "तर त्यो केटो त अझै अल्लारे र काँचो नै रैछ । मैले नजिकबाट त्यसलाई बुझेको छु । एस.एल.सी. जाँच दिएपछि कतै नोकरी पाइन्छ कि भन्ने चक्करमा छ । मेरो नाकै अगाडि त्यसको बसोबास छ । म त त्यस्तो केही बुझ्दिन ।" (पृ. १३३)

माथि उल्लिखित संवादमा प्रौढ पात्रको भाषिक स्वरूपका विशेषताहरू देखा परेका छन् । जसअन्तर्गत एकदिन सबैले मर्नै पर्छ किन दुःखी हुनु, जगेडा राख्न नसक्नु सरकारको कायरता हो । तर त्यो केटा त अझै अल्लारे र काँचै रहेछ जस्ता भाषिक संवादले प्रौढ पात्रको भाषिक व्यवहारको प्रतिनिधित्व गरेका छन् । प्रौढहरू व्यावहारिक

रूपमा परिपक्व भइसकेको अवस्था भएका कारण उनीहरूले प्रयोग गरेको भाषामा व्यावहारिकपन देखिन्छ ।

### ५.२.३ वृद्ध पात्रहरूको भाषिक विश्लेषण

बुढापाकाले प्रयोग गर्ने भाषालाई वृद्ध भाषा भनिन्छ । वृद्धवृद्धा भनेका समाजका गहना हुन् । जीवनको लामो अनुभव र व्यवहार सम्हालेका यिनीहरूको भाषामा परिष्कृतपन पाइन्छ । यिनीहरू पनि प्रौढले झैँ मानक र स्तरीय भाषाको प्रयोग गर्दछन् । उपदेशात्मक भाषाको प्रयोग, ईश्वरीय भाव झल्किनु, धर्मप्रति आस्थावान्, सन्तानको भविष्यको चिन्ता, दीर्घकालीन सोच जस्ता कुराहरू वृद्ध भाषाका विशेषताहरू हुन् । *दुर्भिक्ष* उपन्यासमा पैंतालिस जना पात्रहरूमध्ये पण्डित लीलानाथलाई वृद्ध पात्रको रूपमा लिन सकिन्छ र उनले प्रयोग गरेको भाषिक संवाद यसप्रकार रहेको छ :

**पण्डित लीलानाथ**

- "कलियुग उत्कर्षमा छ । त्यसका प्रभावहरू कुनै न कुनै रूपमा प्रकट हुनु स्वाभाविक छ । अब यो सर्वनाशको समय हो ।" (पृ. १००)
- "हो हो आफ्नो सबै कुरा प्रायश्चित गर्छस् भने सबै कुरा फेरि जस्ताको त्यस्तै रहने छ ।" (पृ. १०)
- "ओम भद्र कर्णेभि : शृणुयाम देवा, भद्र पश्येम शमिर्यजगा : हे भगवान ! मर्ने बेला यो कानले के सुन्नु परेको ।" (पृ. १०१)
- "सम राशिमा मङ्गल, बुध, गुर, शुक्र, गृह रहेकाले यो केटी विदुषी, सान्वी, विख्यात तथा गुणवती हुन्छे ।" (पृ. १०४)

उपन्यासमा वृद्ध पात्रको उपस्थिति अत्यन्त कम मात्रामा रहेको पाइन्छ । पैंतालिस जना पात्रमध्ये एक जना पात्रमा वृद्ध पात्रको भाषाको स्वरूप भेटाउन सकियो । जस्तै : कलि युग उत्कर्षमा छ, अब यो सर्वनाशको समय हो । आफ्ना सबै कुरा प्रायश्चित गर्दछ भने, ओमभद्र कर्णेनि, यो कन्या विदुषी, विख्यात तथा गुणवती हुन्छे जस्ता भाषिक

संवादमा उपदेशात्मकता, भक्तिभाव र ईश्वरीय चिन्तन रहेकाले प्रस्तुत संवादलाई वृद्ध पात्रको संवादका रूपमा लिइएको छ ।

## ५.३ शैक्षिक आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा र अशिक्षित व्यक्तिले प्रयोग गर्ने भाषामा अन्तर हुन्छ । यही भिन्नताको कारण भाषिक भेदको सिर्जना हुने गर्दछ । अध्ययनीय कृति *दुर्भिक्ष* उपन्यासमा पनि शिक्षित र अशिक्षित पात्रहरूको भाषिक प्रयोगमा फरक देखिएको छ, जसको अध्ययन निम्नानुसार गरिएको छ :

### ५.३.१ शिक्षित पात्रहरूको भाषिक विश्लेषण

शिक्षा प्राप्त गर्ने अवसर पाएका व्यक्तिहरू शिक्षित व्यक्तिहरू हुन् । उनीहरू समाजसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । अतः उनीहरूले नै सामाजिक कार्यको नेतृत्व वहन गर्ने भएकाले उनीहरूको भाषा औपचारिक, मानक, स्तरीय र शुद्ध हुने गर्दछ । *दुर्भिक्ष* उपन्यासमा अशिक्षित पात्रभन्दा शिक्षित पात्र बढी रहेका छन् । यस उपन्यासभित्र शिक्षित पात्रले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

**जेलरको संवाद**

- "पहिलो कुरा तिमी त्यो राजवंशीसँग सङ्गत नगर । त्यो उग्रवादी हो । त्यो जुनसुकै जेलमा पनि समस्या हुन थालेको छ । अहिलेसम्म त्यसलाई अधिराज्यका एक दर्जनभन्दा बढी जेलमा सरुवा गरी सकियो । त्यसले कैदीहरूलाई भड्काउँछ र उल्टो उनीहरूलाई दुःख दिन्छ ।" (पृ. ७२)
- "अब तिमी विद्यार्थी मान्छे, तिम्रो ठूलो भविष्य छ । पछि तिमी यही कुर्सीमा हाकिम भएर आउन सक्छौ । तर राजवंशी खालका मानिसहरूको सङ्गत नगर, तिनीहरू हेर्दा क्रान्तिकारी जस्ता देखिन्छन् तर भित्रभित्रै विदेशी दुतावासको भत्ता खाइरहेका हुन्छन् ।" (पृ. ७२)

- "ठीक हो, विद्यार्थी जीवनमा जो पनि विद्रोही हुन्छ, तर पछि सबैले व्यावहारिक बन्नुपर्छ । म पनि विद्यार्थी कालमा तीन पटक जेल परिसकेको व्यक्ति हुँ । म पनि कम्युनिस्ट थिएँ । तर यो कुरा पच्चीस वर्षसम्म ठीक हुन्छ । जुनसुकै युवक पनि पच्चीस वर्षसम्म कम्युनिस्ट हुनैपर्छ । त्यसपछि गान्धीवादी । (पृ. ७३)
- "ल बाबु, यहाँ बस्दा उचनीच भएको पनि हुन सक्छ । त्यसमा अन्यथा नलेऊ । हामी पनि हाम्रो कर्तव्य पालना गर्न बसेका हौँ । दुश्मनी कमाउन होइन । राम्रोसित पढ्नु, भविष्य राम्रो पार्नु ।" (पृ. ७६)

माथि उल्लिखित संवादमा शिक्षित भेद रहेको छ अर्थात् यी संवादहरूमा स्तरीय र मानक नेपाली भाषाको प्रयोग गरिएको पाइन्छ । जस्तै : पहिलो कुरा तिमी त्यो राजवंशीसँग सङ्गत नगर, अब तिमी विद्यार्थी मान्छे, तिम्रो ठूलो भविष्य छ, विद्यार्थी जीवनमा जो पनि विद्रोही हुन्छ, हामी पनि हाम्रो कर्तव्य पालना गर्न बसेका छौँ जस्ता संवादमा शिक्षित पात्रको भाषामा देखिने भाषिक विशेषता देखिएकाले उक्त संवादलाई शिक्षित पात्रको संवादका रूपमा लिन सकिन्छ ।

**मुक्तिनारायणको संवाद**

- "जे होस् जसले बनाए पनि यो राम्रो काम होइन । आइमाई जातिको बेइज्जत गर्ने धेरै घिनलाग्दो चलन हो यो । तर हाम्रो समाज त्यस्तै छ । यही गाउँमा पनि त्यस्तो नराम्रो चलन रैछ । यसमा तिमीहरूको केही दोष छैन । दोष तिम्रा अभिभावकहरूको हो । उनीहरू जे सिकाउँछन् त्यो तिमीहरू सिक्छौ ।" (पृ. १५४)
- "उमेरले बाल्यकाल कटिसकेको भए पनि यी किताब तिम्रा निम्ति मनोरञ्जक र शिक्षाप्रद हुन सक्छन् ।" (पृ. १५५)

माथि उल्लिखित संवादमा सुधारात्मक र जनजागरण जगाउने खालका भाषिक अभिव्यक्तिको प्रयोग गरिएको पाइन्छ । जसलाई शिक्षित पात्रको भाषिक संवादको रूपमा लिन सकन्छि । जस्तै : आइमाई जातिको बेइज्जत गर्ने धेरै घिनलाग्दो चलन हो यो, यी

किताब तिम्रा निम्ति मनोरञ्जक र शिक्षाप्रद हुन सक्छन् जस्ता संवादमा औपचारिकता, स्तरीयता र शिष्टता रहेकाले उक्त संवादलाई शिक्षित पात्रको संवादको रूपमा लिन सकिन्छ ।

### ५.३.२ अशिक्षित पात्रहरूको भाषिक विश्लेषण

अशिक्षित वर्गको भाषिक विश्लेषण अनौपचारिक किसिमको हुन्छ । यी वर्गले भाषाको निम्न भेद प्रयोग गर्दछन् । अशिक्षित पात्रहरूको भाषामा ठाडोपन, अनादर, भाषाशैली, वाक्यगठनको सिलसिला नमिलेको, अमानकता, परिष्कारको कमी देखिन्छ । *दुर्भिक्ष* उपन्यासमा अशिक्षित पात्रभन्दा शिक्षित पात्रको बाहुल्यता रहेको छ । यस उपन्यासमा अशिक्षित पात्रको रूपमा गम्बे दमाई, मखमली, विसुराम सार्की, फूलमती, माने तामाङ, जुठे आदि रहेका छन् । उक्त पात्रहरूले प्रयोग गरेको भाषिक संवादका केही नमुना निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**पुलिसको संवाद**

- "साला चोर, भन अहिलेसम्म के के चोरिस् ?" (पृ. ६२)
- "ल यो गधालाई एक बाल्टिन पानी खन्याएर लेरा ।"
- "उठ् गधा ।"
- "अझ कथा बनाउँछस् काले ? ए हर्के जा यसलाई चर्पीमा लगेर थुन् ।" (पृ. ६३)

माथि उल्लिखित संवाद अशिक्षित पात्रले प्रयोग गरेका भाषिक संवादका नमुना हुन् । उक्त संवादमा साला चोर, उठ, गधा यसलाई चर्पीमा लगेर थुन जस्ता भाषिक संवादमा अशिष्ट, अमानक, अभद्र र गाली गलौजका शब्दहरू प्रयोग गरेकाले उक्त संवाद अशिक्षित पात्रले प्रयोग गरेका भाषिक संवाद हुन् ।

**राधाकृष्ण**

- "ए मा भालु हो यता आओ ।"

- "यी जुका झैँ पैसा चुस्न पल्केका भालु नै हुन् । पैसा दियो भने अहिले नै सबै लुगा यही तपाईंको अगाडि फुकाल्छन् ।"
- "तेरो मुख बाहेक छाती पनि अर्को पवित्र तीर्थस्थल हो । गन्जी र ब्रा खोलेर एकचोटि देखा त हाम्रो सरलाई ।" (पृ. १९५)

माथि उल्लिखित संवादमा प्रयोग गरिएका एमा भालु हो, यी जुका झैँ पैसा चुस्न पल्केका भालु नै हुन्, गन्जी र ब्रा खोलेर एकचोटि देखा त हाम्रो सरलाई जस्ता भाषिक अभिव्यक्तिमा अशिष्टता, अश्लिलता, अकर्मण्यता जस्ता भाषिक विशेषता देखिएका कारण उक्त संवादलाई अशिक्षित पात्रको भाषिक संवादका रूपमा लिन सकिन्छ ।

## ५.४ लैङ्गिकताका आधारमा उपन्यासका पात्रहरूको भाषिक विश्लेषण

विषयवस्तुका आधारमा भाषाको प्रयोग फरक भए जस्तै लिङ्गका आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । एउटै परिवार र समाजमा पनि महिला र पुरुषले प्रयोग गर्ने भाषामा विभेदहरू पाइन्छन् । नेपाली भाषामा भाषिक प्रयोगको हिसाबले महिला हो वा पुरुष सहजै छुट्याउन सकिन्छ । ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषमा भिन्नता देखिन्छ (भण्डारी र पौड्याल, २०६८) । *दुर्भिक्ष* उपन्यासमा देखिएको लैङ्गिक अवस्था के कस्तो छ ? सो कुराको विश्लेषण निम्नानुसार गरिएको छ :

### ५.४.१ महिला पात्रहरूको भाषिक विश्लेषण

पोथी वा स्त्री जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई महिला भनिन्छ । पुरुषभन्दा महिला अलि कोमल, मृदुभाषी, स्नेह, ममतायुक्त हुन्छन् । सोही कारण यिनीहरूको भाषिक प्रयोगमा यस्तै किसिमका शब्दले प्रविष्टि पाएको हुन्छ । *दुर्भिक्ष* उपन्यासमा सुप्रिया, डल्ली, कलावती, रमा, ललिता, अन्जु, मखमली, चनमती, फूलमती जस्ता पात्रहरू महिलाको भूमिकामा देखा परेका छन् । उक्त पात्रले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

**कलावतीको संवाद**

- "होइन ए बूढा राम, राम, राम ! यो हाम्रो गामलाई के हुन लाग्या हो ? केही न केही हुन्छ हरेक दिन ! मान्छे मर्छन् ।" (पृ. ४९)
- "केटाकेटी यस्तै त हुन्छन् नि ! उसको सानोतिनो भूललाई लिएर तपाइँ किन रिसाउनुहुन्छ ।" (पृ. ५४)
- "नकराऊ लाछी बूढा ! एउटा केटाकेटीले कन्ना पछाडि राजाको विरोध गरेछ होइन ? त्यत्तिले झ्यालखाना जानुपर्छ भने जाओस् मेरो छोरो ।" (पृ. ५५)
- "आखिर सही छोप्न त्यही एउटा हतियार त छ तिमी लोग्नेमान्छेहरूसित ! केरे, केरे धेरै जान्ने नहो, पोथी बासेको सुहाउँदैन ।" (पृ. ८९)
- "तिमी यत्रो डरलाग्दो निर्णय गर्छौ, घरमा सरसल्लाह नै नगरी । आखिर म पनि तिम्रो दुःख, सुख, सङ्घर्षमा सधैं छु नि ! तिम्रो घरमा दुलही भएर आउँदा म तेह्र वर्षकी थिए, बुझ्या छौ ? मैले आफ्नो माइतका सबै सुख बिर्सेर तिम्रो घर बनाउन लागे ।" (पृ. ८९)
- "हामीले लाए, खाएको देख्न नसक्नेहरू अहिले कलेजो ठन्डा पारेर बसेका होलान् ।" (पृ. ९१)
- "छोरी भलादमी हुनुपर्छ । हाँस्नु हुन्न । ठूलो स्वरले बोल्नुहुन्न । पोथी बास्नुहुन्न । समाजमा जान्ने हुनु हुन्न । लोग्ने मानिसहरूको समाजबाट टाढा रहनुपर्छ ।" (पृ. १०६)
- "हेर हेर असत्ती, फोहोरी ! आफ्नो लुगाले पुछेको ! अर्कै टालाटुलीले पुछ भनेको होइन ?" (पृ. १०९)
- "छैन चाँडो भन न ए बूढा के गऱ्यो किस्नचन्द्रले ?" (पृ. ११४)
- "आपत परेको बेला कोही पनि आफ्ना हुन्नन् । अब माइती भनेका पनि त्यस्तै हुन् ।" (पृ. ११७)

- "ठीक छ भगवानले हाम्रो भाग्यमा यहाँ बसेर जिन्दगी गुजार्न लेखेका रैनछन् । उनले जे लेखेका छन् हामी त्यही भोग्न बाध्य छौँ ।" (पृ. ११८)
- "बिहे नगरुन्जेल तँचाहिँ खराब मान्छेको पन्जाबाट जोगिएर बस् । तँ छोरी मान्छे होस् । छोरा मोरा डाम्नाहरूको मलाई मतलब छैन ।" (पृ. १२५)

माथि उल्लिखित संवाद स्त्री पात्रले प्रयोग गरेको भाषिक संवादका नमुना हुन् । उक्त संवादमा कारुणिक र मृदुभाषी शब्दको प्रयोग गरिएको छ । जस्तै : हैन त बुढा, केटाकेटी यस्तै त हुन्छन् नि, नकराउ लाछी बुढा, मैले आफ्नो माइतका सबै सुख बिर्सेर तिम्रो घर बनाउन लागे, छैन चाँडो भन न ए बुढा के गऱ्यो किस्नचन्द्रले, अब माइती भनेका पनि त्यस्तै हुन् जस्ता भाषिक संवादमा कठोर भाषाको प्रयोग नभई कोमल, सरल र सरस भाषाको प्रयोग गरिएका कारण उक्त संवादलाई महिला पात्रले प्रयोग गर्ने भाषिक संवादको रूपमा लिइएको छ ।

### ५.४.२ पुरुष पात्रहरूको भाषिक विश्लेषण

भाषा प्रयोगकर्ताका आधारमा पनि भाषामा फरकपन पाइन्छ । पुरुषको भाषा महिलाको भन्दा फरक हुन्छ । उनीहरूको भाषामा ठाडोपन, रुखो, निरस, आदेशात्मक खालका प्रयोग बढी पाइन्छन् । शिक्षाको प्रभाव परेको भए तापनि पुरुषत्वको कारण पुरुषहरूको भाषाशैलीमा नरमपना कमै पाइन्छ । *दुर्भिक्ष* उपन्यासमा प्रयोग गरिएका पुरुष पात्रहरूमा बोधराज, आलोक, नन्दप्रसाद, बुद्धिकृष्ण, प्रधानपञ्च, रामबोल, बलराम आदि रहेका छन् । उक्त पात्रले प्रयोग गरेकोभाषिक संवादको नमुनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**नन्दप्रसादको संवाद**

- "ए आलोककी आमा सलाई कहाँ राखिस् हँ ?" (पृ. ४७)
- "यसले जे गऱ्यो त्यसले हाम्रो कुलको सर्वनाश गर्दैछ । यसले आफूलाई त झ्यालखानामा पुऱ्याउने नै भयो, हामीलाई पनि सुख नदिने भो ।" (पृ. ५४)

- “किन गरैं, यो तेरो सरोकारको विषय होइन । बरु एक अम्खोरा पानी ले । म भित्रभित्रै औडाहा र रापले मर्न लागैं ।” (पृ. ८८)
- “के गरेन भन् न त ? अब त्यो दिउँसोभरिमा रगत छादेर मर्न बेर छैन । दन्तकाली माई त चण्डालकी पो छिन् त ।” (पृ. ११४)

माथि उल्लिखित संवाद पुरुष पात्रले प्रयोग गरेका भाषिक संवादका नमुना हुन् । उक्त संवादमा रहेका ए आलोककी आमा, यसले जे गऱ्यो हाम्रो कुलको सर्वनाश गर्दैछ । बरु एक अम्खोरा पानी ले, दन्तकाली माइ त चण्डालकी छिन् त जस्ता भाषिक संवादमा आदेशात्मकता, कठोरता, रुखोपन जस्ता भाषिक विशेषता देखिएकाले उक्त संवादलाई पुरुष पात्रको संवादका रूपमा लिइएको छ ।

**विसुराम सार्कीको संवाद**

- “मा प्रधान, लौ आ ! आज म तँसित लड्चु । एकदिन मर्नैपर्ने चोला हो । ए शोषक ! ए हत्तेरा ! अँधेरामा लुकी–लुकी हाम्री तरुनी चेलीहरूसित सुच्चस् । अनि फिरी आफूलाई क्यै नभेको बाउन हुम् भन्चस् । लौ आ, एक्लाएक्लै लडौँ ।” (पृ. ६७)
- “लौ आ एक्लाएक्लै लडौँ । एक बाउले जन्माको छोरा रचस् भने लड्न आ ।” (पृ. ६७)

माथि उल्लिखित संवादमा एमा प्रधान लौ आ आज म तँसित लड्छु, एक्लाएक्लै लडौँ बाउले जन्माको छोरो रचस् भने लड्न आ जस्ता संवादमा वीरता, निर्भिकता, साहसी भाव देखिएकाले उक्त संवाद पुरुष पात्रका संवाद हुन् ।

**बाङ्गेको संवाद**

- “एक सुकाको तेल आउँदैन भन्ने थाहा छैन डुमिनी ।”

- “ए डुमिनी ! तेल किन्ने हो भने एक रूपैयाँ घटी लिएर यता च्याउनै पर्दैन, जा ।”
- “डुमहरूलाई म उँधारो दिन्न पण्डित बा ! यिनीहरूलाई दिएको उँधारो ब्वाँसोलाई दिएको भेंडाको मासुसरह हो । कहिले तिर्छन् यिनले ।” (पृ. ५२)

तार्किकता चिन्तन, निर्भिकता र वीरता जस्ता गुण वा विशेषता पुरुषको भाषामा रहेका हुन्छन् । पुरुष महिलाको तुलनामा कठोर प्रकृतिका हुने कुरा पुष्टि गर्न प्रस्तुत संवादमा प्रयुक्त भाषिक संवादलाई देखाइउको छ । जस्तै : थाहा छैन दमिनी, यता च्याउन पर्दैन जा, डुमहरूलाई म उँधारो दिन्न पण्डित बा जस्ता भाषिक संवादमा कठोरता निर्देशन, आदेश, रुखो बोली प्रस्तुत गरिएकाले उक्त संवादलाई पुरुष पात्रको संवादको रूपमा लिन सकिन्छ ।

# अध्याय छ

# *दुर्भिक्ष* उपन्यासको भाषाशैलीको अध्ययन र पाठक अभिमत विश्लेषण

## ६.१ *दुर्भिक्ष* उपन्यासको भाषाशैलीको अध्ययन

नारायण ढकाल वि.सं. २०१० सालमा पिता नगेन्द्रप्रसाद ढकाल र माता शान्ता ढकालका पुत्रका रूपमा काठमाडौँमा जन्मिएका हुन् । पत्रकार, राजनीतिज्ञ, कवि, उपन्यासकार र निबन्धकारका रूपमा आफ्नो व्यक्तित्व सबल बनाएका ढकालले २०२८ सालको 'दमन' साहित्यिक पत्रिकामा 'विस्थापित' नामक कथा प्रकाशन गरी साहित्यमा प्रवेश गरेका हुन् । उनका सहरयन्त्र (२०५०), इरफान अलि (२०५१), बहिर्गमन (२०६१), कथासङ्ग्रह, मुसे कान्छाको करामत (२०५९), गोमाको यार्लिङ (२०५९), बालकथा सङ्ग्रह प्रकाशित रहेका छन् । त्यस्तै पीत संवाद (२०५५), दुर्भिक्ष (२०६२), प्रेतकल्प (२०६५) गरी तीनवटा उपन्यास र तीन सम्वत्सर र शोकमग्न यात्री निबन्ध सङ्ग्रह प्रकाशित रहेका छन् । प्रार्थना र पहिलो घाममा प्रार्थनाको वियोगान्त फुटकर कविता पनि प्रकाशित रहेका छन् । उत्तम शान्ति पुरस्कार (२०५२), लोकन्द्र साहित्यिक पुरस्कार (२०५४), मैनाली कथा पुरस्कार (२०५४) बाट पुरस्कृत ढकाल खास गरेर प्रगतिवादी साहित्यकार हुन् ।

कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यम भाषा हो । उपन्यासमा विषयवस्तु प्रस्तुत गर्ने तरिका/ढाँचालाई शैली भनिन्छ । यसर्थ उपन्यासको विषयवस्तु कुन भाषामा कस्तो तरिकाले प्रस्तुत गरिएको छ भन्ने कुरालाई नै भाषाशैली भनिन्छ । शैली लेखकको निजी विशेषता हो, जुन एउटा सफल कृति रचनाका लागि अत्यावश्यक तत्त्व हो । कुनै पनि समाजमा बोलिने भाषालाई त्यस समाजको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक जस्ता कुराहरूले प्रभाव पार्दछ । उपन्यासको भाषा स्तरीय सम्प्रेषणीय र पर्यावरण अनुकूल मिल्ने हुनका साथै सरल र सरस हुनुपर्दछ । *दुर्भिक्ष* उपन्यासको भाषाको अध्ययन गर्दा वर्ग, लिङ्ग, उमेर, शैक्षिक अवस्थालाई आधार बनाएर

पात्रहरूको वर्गीकरण गरी उनीहरूले प्रयोग गरेको भाषिक संवादलाई विश्लेषण गरिएको छ ।

*दुर्भिक्ष* उपन्यास नारायण ढकालद्वारा वि.सं. २०६१ सालमा प्रकाशित प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यास हो । जसमा ग्रामीण परिवेशदेखि सहरीया जीवनको यथार्थ चित्रण गरिएको छ । निम्न वर्गीय परिवारमा जन्मेकी सुप्रियाको प्रेम र वियोगको समीश्रण, निर्दलीय पञ्चायती व्यवस्थाको क्रुर, विभत्स र अत्याचारी प्रवृत्तिको पराकाष्ठा र जीविकोपार्जनको निमित्त देह व्यापारमा संलग्न नारीका विवशता, बाध्यता र पीडा पूर्ण जिन्दगीको नाङ्गो तस्वीरका रूपमा उपन्यासको कथावस्तु अगाडि बढेको छ । प्रस्तुत उपन्यासमा अझै पनि नेपाली चेलीहरूले सहनु परेका दुःख, कष्ट, पीडा, बाध्यता, विवशता, अन्धविश्वास, कुरीति, कुसंस्कार, त्यहाँको सामाजिक, आर्थिक अवस्थालाई समेत यस उपन्यासले प्रस्तुत गरेको छ ।

भाषाशैलीगत आधारमा *दुर्भिक्ष* उपन्यास प्रगतिवादी, सामाजिक, यथार्थवादी उपन्यास हो । उपन्यासमा प्रयुक्त भाषाशैली सरल, सहज र बोधगम्य रहेको छ । शैली र शिल्पविन्यासमा यस उपन्यासको आफ्नै विशेषता रहेको छ । *दुर्भिक्ष* उपन्यासको गद्य भाषामा अलङ्कार, उखानटुक्का, विचलन, विम्ब, प्रतीक, व्यङ्ग्य, लयात्मकता आदिको भाषिक प्रयोग सरल ढङ्गमा गरिएको छ । यस्ता केही उदाहरण यस प्रकारका छन् :

**उखानटुक्का**

- "ताक परे तिवारी नत्र गोतामे ।" (पृ. ८)
- "बाउन्न हन्डर र त्रिपन्न धुस्सा ।" (पृ. ३६)
- "कुकुरलाई घिउ नपचेको ।" (पृ. ६०)
- "धमिलो पानीमा माछा फेला परे ।" (पृ. ८१)
- "सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने ।" (पृ. ८६)
- "पोथी बासेको सुहाउँदैन ।" (पृ. ८९)

- "भेंडाको मासुमा स्यालको रजाइँ ।" पृ. ११२)
- "काम गर्नको गाह्रोले जोगी भयो जोगी भएको भोलिपल्ट भोकै रह्यो ।" (पृ. १८२)

**विचलन**

- "अनुहारको भावमा आधा दुःख आधा सुख मिसाएर उसले भनी ।" (पृ. १८)
- "अचानक गहिरो खाडलमा भासिराँ कि झैँ भयो उसलाई ।" (पृ. २८)
- "जादुमय चमक थियो उसको मुखमा ।" (पृ. ३०)
- "सायद युद्धको पहिलो विजयमा यसरी नै रमाउँछन् योद्धाहरू ।" (पृ. ४१)
- "सिरेटो चलेको थियो पश्चिमबाट ।" (पृ. ४४)
- "तिनका कुरामा न कुनै गुदी हुन्थ्यो न दृष्टिकोण हुन्थ्यो, न शृङ्खला ।" (पृ. ५०)
- "सर्किनी भए पनि सत्मा बसेकी छ भन्ने गाउँलेहरू ।" (पृ.६५)

**लयात्मकता**

- म यो समयको द्रष्टा हुँ
  विदीर्ण र तमाम अकाल गाथाहरूको ।
  म नरकको डिलमा बसेर हेरिरहेको छु जीवनलाई । (पृ. १)
- जो बाँकी छ, रङ्ग उडेको पुरानो चित्रकला झैँ छ । सबै र त्यही रङ्ग उडेको कोलाजमा सुप्रिया एउटा थोप्ला हो । असीम दुःख र पीडाको थोप्ला । (पृ. २४)
- कस्तो सकस परेको
  ईश्वरलाई चिन्न !
  किन बारम्बार झस्काउँछन्
  राक्षसी तन्द्राहरूले ?
  किन स्थिर हुँदैनन् ।
  सापट सपनाहरू ? (पृ. १२२)

**विम्ब/प्रतीक**

- ऊ भर्खर छिनालिएको खसीझैँ छट्पटाइरहेको थियो । (पृ. ५)
- आखिर जीवन भनेको पनि एउटा परीक्षा नै त रैछ अब त्यो परीक्षाबाट किन डराउने ? (पृ. १७)
- अनायास उसको मानसपटलमा डर निराशाको आँधी मडारिएको थियो । (पृ. २०)
- जति जति ऊ यस्तो सोच्न थाली, उतिउति यातना र सन्त्रासको पहाडले किचिन थाली । (पृ. २३)
- उसलाई फेरि तिखो किला पैंतालामा रोपिए झैँ भयो । (पृ. २४)
- मनभित्र हौसलाको प्रकाशपुञ्जको लहरै चल्न थाल्यो । (पृ. ३९)

**अलङ्कार**

- जति हाड घोटे पनि के हुँदो रैछ र प्रकृति लागेपछि । (पृ. १२)
- उसका मुलायम ओठहरू पनि कापिरहेका थिए । (पृ. १५)
- मेरो आँखाबाट आँसुका गेडाहरू गुड्न थाले । (पृ. १८)
- ब्युँझदा उसको टाउकोमा सहस्र फलामे किलाहरू ठोकिएका छन् कि झैँ भएको थियो । (पृ. २०)
- उसको अगाडि एउटा भीमकाय पहाड बाटो छेकेर उभिएको छ । (पृ. २२)
- जीवनको त्यो नाटकहीन नाटक कसरी मञ्चित भयो र कसरी पटाक्षेप भयो ? (पृ. ३६)
- उसका आँखामा आँसुको मूल फुटेको थियो । (पृ. ३८)

समग्रमा उपन्यासकार नारायण ढकालले *दुर्भिक्ष* उपन्यासमा परिवेशगत सजीवताका लागि भाषिक विविधताको चामत्कारिक प्रयोग गरेका छन् । भाषामा वर्णनात्मक शैली प्रभावपूर्ण शैली, राष्ट्रप्रति समर्पण र आस्थाको भाव झल्काउने सन्दर्भमा भाषिक रूपात्मक शैलीको प्रयोग समेत गरेको पाइन्छ । यसरी उपन्यासको भाषाशैली सरल, सहज र प्रसङ्गअनुकूल छ ।

## ६.२ पाठक अभिमत विश्लेषण

कुनै विषय क्षेत्रमा नयाँ ज्ञानको खोजी गर्न सञ्चालन गरिने व्यवस्थित अध्ययन नै अनुसन्धान हो । विशेषतः मानक जीवनमा देखिने समस्याहरूलाई निदान गर्न तथ्याङ्क सङ्कलन गर्न र एउटा ठोस निष्कर्षमा पुग्न सञ्चालन गरिने वैज्ञानिक अध्ययन नै अनुसन्धान हो । उक्त कुरालाई पुष्टि गर्नका लागि *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ । समाजभाषिक अध्ययन पुस्तकालयीय अध्ययनमा मात्र केन्द्रित भए पनि प्रस्तुत शोधकार्यमा यसलाई क्षेत्र अध्ययनको रूपमा समेत लिइएको छ । उपन्यासलाई शोधार्थीले मात्र विश्लेषण गर्दा शोधकार्य विश्वसनीय, वैध र सान्दर्भिक नहुने भएकाले उक्त कार्यलाई विश्वसनीय र वैध बनाउनका लागि समाज भाषाविज्ञानसम्बन्धी सैद्धान्तिक ज्ञान भएका र *दुर्भिक्ष* उपन्यास पनि अध्ययन गरेका बीस जना नमुना पाठकको रूपमा छनोट गरी पाठक अभिमत सङ्कलन गरिएको छ । पाठक विचार र रायलाई सङ्कलन गर्नका लागि प्रश्नावलीको निर्माण गरी मिति २०७४/०९/२५ गतेका दिन विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुरको प्राङ्गणमा सेमिनार सञ्चालन गरी निम्नलिखित प्रश्नमाथिको पाठकले अभिव्यक्त गरेको अभिमतलाई यसप्रकार विश्लेषण गरिएको छ :

## बीस जना पाठकहरूबाट सङ्कलित अभिमतको तालिका

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| १. | *दुर्भिक्ष* उपन्यासलाई कस्तो उपन्यासको रूपमा लिन सकिन्छ ? | साझा अभिमत नरहेको । | चार जनाले सामाजिक यथार्थवादी, तीन जनाले प्रगतिवादी र तेह्र जनाले प्रगतिवादी, सामाजिक, यथार्थवादी | प्रगतिवादी, सामाजिक, यथार्थवादी उपन्यासको रूपमा लिन सकिने । |
| २. | लैङ्गिकताको आधारमा महिला र पुरुषमध्ये कसको सहभागिता बढी रहेको छ ? | महिलाको तुलनामा पुरुषको सहभागिता बढी रहेको छ । | फरक विचार नरहेको । | पुरुषको सहभागिता बढी रहेको । |
| ३. | महिला र पुरुषले प्रयोग गर्ने भाषामा पाइने मुख्य अन्तर के हो ? | महिलाको भाषामा कोमलता, सरलता, सरसता र पुरुषको भाषामा कठोरता, वीरता, निर्देशन पाइन्छ । | फरक विचार नरहेको । | महिलाको भाषा कोमल र सरस, पुरुषको भाषा कठोर र निरस । |
| ४. | युवा र प्रौढको भाषामा के कस्तो फरक पाइन्छ ? | युवाको भाषामा शृङ्गारिकता र प्रेम, प्रौढको भाषामा व्यावहारिकता, मानकता पाइन्छ । | फरक विचार नरहेको । | युवाको भाषामा शृङ्गार र कोड प्रौढको भाषामा व्यावहारिकता र मानकता । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| ५. | उमेरगत आधारमा *दुर्भिक्ष* उपन्यासमा पात्र प्रयोगको स्थिति के कस्तो रहेको छ ? | फरक विचारको प्रस्तुतित | चार जनाले बाल, युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग, सोह्र जनाले युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग रहेको । | युवा, प्रौढ र वृद्ध पात्रको प्रयोगको स्थिति |
| ६. | यस उपन्यासमा कुन प्रकृतिको परिवेश र समाजको चित्र प्रस्तुत गरिएको छ ? | गाउँदेखि सहरसम्मको परिवेश र उच्च, मध्यम र निम्न प्रकृतिको समाज । | फरक विचारको प्रस्तुति नरहेको । | गाउँ र सहरको परिवेश र उच्च, मध्यम र निम्न समाज । |
| ७. | उच्च वर्गको संवाद र निम्न वर्गको संवादबीच के कस्तो फरक पाइन्छ ? | उच्च वर्गको संवादमा उच्च आदरार्थी, धाँक, धम्कीपूर्ण भाषा र निम्न वर्गको भाषामा चाकडी, चाप्लुसी र अनौपचारिक भाषाको प्रयोग | फरक विचार नरहेको । | उच्च आदरार्थी र हेपाहापूर्ण भाषा उच्च वर्गको संवादमा र चाकडी, चाप्लुसीपूर्ण भाषा निम्न वर्गको संवादमा पाइन्छ । |
| ८. | वर्गीयताका आधारमा उच्च पात्रका रूपमा कस–कसलाई लिन सकिन्छ ? | फरक विचारको प्रस्तुति | पन्ध्र जनाले होटेल मालिक, बलराम, प्रधापनञ्च, इन्सपेक्टर र पाँच जनाले बोधराज र सुप्रियालाई समेत मानेको | होटेल मालिक, बलराम, प्रधानपञ्च र इन्स्पेक्टरलाई उच्च पात्रको रूपमा लिन सकिने । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| ९. | यस उपन्यासमा शिक्षित पात्रको रूपमा कस कसलाई लिन सकिन्छ ? | फरक विचारको प्रस्तुति | चौध जनाले बोधराज, सुप्रिया, हरि, आलोक, नन्दप्रसाद आदिलाई र छ जनाले डल्ली र कलावतीलाई समेत मानेका छन् । | बोधराज, सुप्रिया, हरि, आलोक, नन्दप्रसादलाई लिन सकिने । |
| १०. | उपन्यासमा शैक्षिक प्रभावलाई कसरी देखाइएको छ ? | शिक्षित पात्रले शिष्ट र सभ्य भाषा र अशिक्षितले अमानक र अशुद्ध भाषाको प्रयोग गरेकाले शैक्षिक प्रभाव स्पष्ट रूपमा देखिएको । | फरक विचार नरहेको । | शिक्षित र अशिक्षित व्यक्तिको भाषिक व्यवहारमा शैक्षिक प्रभाव रहेको । |
| ११. | सुप्रिया र आलोकलाई वर्गीय आधारमा कुन पात्रको रूपमा लिन सकिन्छ ? | फरक विचारको प्रस्तुति । | चार जनाले मध्यम वर्गका प्रतिनिधि पात्रका रूपमा र सोह्र जनाले निम्न वर्गीय पात्रको रूपमा लिएका छन् । | निम्न वर्गीय पात्रका रपमा लिन सकिने । |
| १२. | समाजभाषिक सिद्धान्तका कुन कुन आधारलाई मुख्य आधार बनाएर समग्र उपन्यासका पात्रहरूलाई वर्गीकरण गरिएको छ ? | वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा पात्रको वर्गीकरण गरिएको । | फरक विचार नरहेको । | वर्ग, लिङ्ग, उमेर र शिक्षाको आधारलाई मुख्य आधार मानेको । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
| --- | --- | --- | --- | --- |
| १३. | प्रस्तुत उपन्यासको कथावस्तु कुन कुन पात्रको केन्द्रीयतामा अगाडि बढेको छ ? | फरक विचारको प्रस्तुति । | पाँच जनाले बोधराज, सुप्रिया, आलोक र नन्दप्रसाद र पन्ध्र जनाले सुप्रिया र आलोकलाई मानेका छन् । | सुप्रिया र आलोक कै केन्द्रीयतामा समग्र उपन्यासको कथावस्तु अगाडि बढेको । |
| १४. | समाजभाषिक सिद्धान्तका आधारमा सामग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? | सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको । | फरक विचार नरहेको । | सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको । |
| १५. | उखानटुक्काको प्रयोग कुन उमेर समूहका पात्रले गरेका छन् ? | फरक विचारको प्रस्तुति । | सात जनाले युवा, प्रौढ र वृद्धले गरेको भनेका छन् भने तेह्र जनाले प्रौढ र वृद्ध पात्रले प्रयोग गरेका छन् । | प्रौढ र वृद्ध पात्रले उखानटुक्काको प्रयोग गरेको । |
| १६. | उपन्यासको भाषामा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? | भाषालाई मौलिक, स्वाभाविक, सुन्दर र आकर्षक बनाउन अलङ्कारको प्रयोग गरिएको छ । | फरक विचार नरहेको । | भाषालाई आकर्षक र सुन्दर बनाउन अलङ्कारको प्रयोग गरिएको । |
| १७. | विचलन र विम्ब प्रतीकका दृष्टिले समग्र उपन्यासको भाषा के कस्तो | फरक विचारको प्रस्तुति । | छ जनाले व्याकरणिक विचलन रहेको र विम्ब प्रतीक नरहेको भनेका छन् | व्याकरणिक विचलन र विम्ब प्रतीकको प्रत्यक्ष प्रयोग रहेको । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | रहेको छ ? | | भने चौध जनाले व्याकरणिक विचलन र विम्ब, प्रतीक समेत रहेको । | |
| १८. | उपन्यासमा जातीयता र साम्प्रदायिकताले कसरी प्रत्यक्ष प्रभाव पारेको छ ? | जातीयता र साम्प्रदायिकताको कुनै प्रभाव नरहेको । | फरक विचार नरहेको । | भाषामा जातीयता र साम्प्रदायिकताको प्रभाव नरहेको । |
| १९. | यस उपन्यासले दिने मुख्य सन्देश के हो ? | वर्गभेदी समाजको अन्त्य गरी समतामूलक समाजको निर्माण । | फरक विचार नरहेको । | वर्ग भेदको अन्त्य र समतामूलक समाज निर्माणमा जोड । |
| २०. | उपन्यासमा मध्यम वर्गले प्रयोग गर्ने भाषाको स्वरूप के कस्तो रहेको छ ? | शिष्ट, शुद्ध, स्तरीय र मानक भाषाको प्रयोग रहेको । | फरक विचार नरहेको । | शिष्ट, शुद्ध, मानक र स्तरीय भाषिक स्वरूप रहेको । |

*दुर्भिक्ष* उपन्यासलाई कस्तो उपन्यासको रूपमा लिन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा सहभागी बीस जना पाठकले अलग अलग विचार प्रस्तुत गरेका छन् । चार जनाले सामाजिक यथार्थवादी, तीन जनाले प्रगतिवादी र तेह्र जनाले प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यास भनेका छन् । बहुसङ्ख्यक पाठक प्रतिक्रिया र समग्र उपन्यासको अध्ययन विश्लेषण गर्दा प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यासका रूपमा लिन सकिन्छ ।

लैङ्गिकताका आधारमा उपन्यासमा महिला र पुरुषमध्ये कसको उपस्थिति बढी रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा नमुना छनोटका बीस जना पाठकले एउटै विचार अभिव्यक्त गरेका छन् । महिला र पुरुषको प्रत्यक्ष सहभागिता रहेको उक्त उपन्यासमा महिलाको तुलनात्मक पुरुषको सहभागिता बढी रहेको छ ।

महिला र पुरुषले प्रयोग गर्ने भाषामा पाइने मुख्य भिन्नता के हो ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकहरूले एउटै विचार अभिव्यक्त गरेका छन् । महिलाले प्रयोग गर्ने भाषामा कोमलता, हार्दिकता, सरसता, सरलता, प्रेम, स्नेह जस्ता विशेषता रहेका हुन्छन् भने पुरुषले प्रयोग गर्ने भाषामा वीरता, कठोरता, तार्किकता, आदेशात्मकता, ठाडोपन, रुखोपन, इर्ष्या, वैमनष्यता जस्ता विशेषता रहेका हुन्छन् । यिनै कुरालाई महिला र पुरुषको भाषामा पाइने अन्तर मानेर आफ्नो अभिमत प्रस्तुत गरेका छन् ।

युवा र प्रौढको भाषामा के कस्तो फरक पाइन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकले एउटै अभिमत प्रस्तुत गरेका छन् । युवाको भाषामा शृङ्गारिकता, प्रेम, वासना, कोड, सङ्केत आदिको प्रयोग पाइन्छ भने प्रौढको भाषामा व्यावहारिकता, स्पष्टता, शुद्धता, मानकता, शिष्टता र औपचारिकता जस्ता गुण रहेका हुन्छन् ।

उमेरगत आधारमा *दुर्भिक्ष* उपन्यासमा पात्र प्रयोगको स्थिति के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी नमुना व्यक्तिले पृथक् पृथक् विचार प्रस्तुत गरेका छन् । जसमा चार जनाले बाल, युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग गरिएको विचार प्रस्तुत गरेका छन् भने सोह्र जनाले उपन्यासमा बालपात्रको भूमिका नरहेको र युवा, प्रौढ र वृद्ध

पात्रको उपस्थिति रहेको विचार प्रस्तुत गरेका छन् । समग्र पाठक प्रतिक्रिया र उपन्यासको अध्ययन विश्लेषण गर्दा यस उपन्यासमा उमेरगत आधारमा युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग गरिएको छ ।

यस उपन्यासमा कुन प्रकृतिको समाज र परिवेश प्रस्तुत गरिएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिले एउटै विचार अभिव्यक्त गरेका छन् । गाउँदेखि सहरसम्मको परिवेश र उच्च, मध्यम र निम्न प्रकृतिको समाजको चित्र प्रस्तुत गरिएको छ ।

उच्च वर्गको संवाद र निम्न वर्गको संवादमा के कस्तो फरक पाइन्छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिको एउटै अभिमत प्राप्त भएको छ । उच्च वर्गको व्यक्तिले उच्च आदर, धाक, धम्की, रवाफ, गाली, गलौज, अश्लिलता जस्ता शब्दको प्रयोग गरेका छन् भने निम्न वर्गको संवादमा चाकडी, चाप्लुसी, अमानकता, विचलन, अनौपचारिकता, अशुद्धता जस्ता विशेषता रहेका छन् ।

वर्गीयताका आधारमा उच्च पात्रका रूपमा कस–कसलाई लिन सकिन्छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिले अलग अलग विचार प्रस्तुत गरेका छन् । जसमा पन्ध्र जनाले उच्च पात्रका रूपमा होटेल मालिक, बलराम, प्रधानपञ्च, इन्स्पेक्टरलाई लिएका छन् भने पाँच जनाले यिनका अतिरिक्त बोधराज, सुप्रियालाई समेत उच्च पात्रका रूपमा मानेका छन् । समग्र अभिमतलाई विश्लेषण गर्दा र उपन्यासको अध्ययन गर्दा होटेल मालिक, बलराम, प्रधानपञ्च र इन्स्पेक्टरलाई उच्च पात्रका रूपमा लिन सकिन्छ ।

यस उपन्यासमा शिक्षित पात्रका रूपमा कस–कसलाई लिन सकिन्छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिहरूले अलग अलग अभिमत प्रस्तुत गरेका छन् । जसमा चौध जनाले बोधराज, सुप्रिया, हरि, आलोक, नन्दप्रसादलाई मानेका छन् भने छ जनाले यिनका अतिरिक्त डल्ली र कलावतीलाई समेत शिक्षित पात्रका रूपमा लिएका

छन् । समग्रमा भन्दा बोधराज, सुप्रिया, हरि, आलोक र नन्दप्रसादलाई नै शिक्षित पात्रका रूपमा लिन सकिन्छ ।

यस उपन्यासका शैक्षिक प्रभावलाई के कसरी देखाइएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिले एउटै विचार अभिव्यक्त गरेका छन् । उपन्यासमा शिक्षित व्यक्तिले प्रयोग गरेको भाषामा शिष्टता, सभ्यता र मानवीयपन र अशिक्षितले प्रयोग गरेको भाषामा अशुद्धता, मानकता र अनौपचारिकता जस्ता गुण वा विशेषता देखिएकाले समग्र उपन्यासमा शैक्षिक प्रभाव स्पष्ट रूपमा देखिएको छ ।

सुप्रिया र आलोकलाई वर्गीय आधारमा कुन प्रकृतिका पात्रका रूपमा लिन सकिन्छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिको अलग अलग विचार प्राप्त भएको छ । जसमा चार जनाले मध्यम वर्गका प्रतिनिधि पात्र मानेका छन् भने सोह्र जनाले निम्न वर्गीय पात्र मानेका छन् । समग्र उपन्यासको अध्ययन विश्लेषण गर्दा निम्न वर्गीय पात्रका रूपमा सुप्रिया र आलोकलाई लिन सकिन्छ ?

समाजभाषिक सिद्धान्तका कुन–कुन कुरालाई आधार बनाएर समग्र उपन्यासका पात्रहरूलाई वर्गीकरण गर्न सकिन्छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिको एउटै विचार प्राप्त भएको छ । समाजभाषिक सिद्धान्तका विविध आधारमध्ये वर्ग, लिङ्ग, उमेर र शिक्षालाई आधार बनाएर समग्र उपन्यासका पात्रहरूको वर्गीकरण गरिएको छ ।

*दुर्भिक्ष* उपन्यासको कथावस्तु कुन कुन पात्रको केन्द्रीयतामा अगाडि बढेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी व्यक्तिले अलग अलग विचार प्रस्तुत गरेका छन् । जसमा पाँच जनाले बोधराज, सुप्रिया, आलोक र नन्दप्रसाद भनेका छन् भने पन्ध्र जनाले सुप्रिया र आलोकको केन्द्रीयतामा समग्र उपन्यासको कथावस्तु अगाडि बढेको विचार अभिव्यक्त गरेका छन् । समग्र पाठक प्रतिक्रिया र उपन्यास विश्लेषण गर्दा सुप्रिया र आलोककै केन्द्रीयतामा उपन्यासको कथावस्तु अगाडि बढेको छ ।

समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकहरूको एउटै अभिमत प्राप्त भएको छ । अभिव्यक्तिको प्रस्तुति भिन्नाभिन्नै भए तापनि समग्रमा उपन्यासको भाषाशैली सरल, सहज, बोधगम्य र सम्प्रेष्य रहेको कुरामा एकीकृत विचार प्रस्तुत गरेका छन् ।

उखानटुक्काको प्रयोग कुन उमेर समूहका व्यक्तिले गरेका छन् ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकले अलग अलग विचार प्रस्तुत गरेका छन् । जसमा सात जनाले युवा, प्रौढ र वृद्ध तिनै उमेर समूहका व्यक्तिले प्रयोग गरेको विचार प्रस्तुत गरे भने बाँकी तेह्र जनाले प्रौढ र वृद्ध पात्रले मात्र उपन्यासको भाषामा उखानटुक्काको प्रयोग गरेको कुरा प्रस्तुत गरेका छन् । पाठक अभिमत र उपन्यास अध्ययन गर्दा उखानटुक्काको प्रयोग प्रौढ तथा वृद्ध पात्रले नै गरेको पाइन्छ ।

उपन्यासको भाषामा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी सम्पूर्ण पाठकले एउटै विचार अभिव्यक्त गरेका छन् । उपन्यासको भाषालाई स्वाभाविक, मौलिक, सुन्दर र आकर्षक बनाउन उपमा र रूपक अलङ्कारको स्वाभाविक प्रयोग गरिएको छ ।

विचलन र विम्ब प्रतीकका दृष्टिले समग्र उपन्यासको भाषा के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी नमुना पाठकले पृथक् पृथक् विचार प्रस्तुत गरेका छन् । जसमा छ जनाले व्याकरणिक विचलन रहेको यस उपन्यासको भाषामा विम्ब प्रतीकको त्यति प्रयोग नगरिएको कुरा राखेका छन् भने बाँकी चौध जना पाठकले व्याकरणिक विचलनका साथै विम्ब र प्रतीकको प्रत्यक्ष प्रयोग उपन्यासको भाषामा रहेको विचार प्रस्तुत गरेका छन् ।

उपन्यासमा जातीयता र साम्प्रदायिकताले के कसरी प्रभाव पारेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकले एउटै विचार अभिव्यक्त गरेका छन् । उपन्यासको कथावस्तु अनुसार स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको यस उपन्यासमा जातीयता र साम्प्रदायिकताको कुनै प्रभाव नरहेको विचार प्रस्तुत गरेका छन् ।

यस उपन्यासले दिने मुख्य सन्देश के हो ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना छनोटका सहभागी व्यक्तिले एउटै विचार प्रस्तुत गरेका छन् । यस उपन्यासले दिने मुख्य सन्देश वर्गभेदी समाजको अन्त्य गरी स्वतन्त्र, भयरहित र समतामूलक समाज निर्माण गर्नु हो । यसै कुरालाई सम्पूर्ण सहभागीले अन्तिम सन्देशका रूपमा स्वीकार गरेका छन् ।

उपन्यासमा मध्यम वर्गले प्रयोग गर्ने भाषाको स्वरूप के–कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा सहभागी पाठकले एउटै विचार प्रस्तुत गरेका छन् । उपन्यासमा प्रस्तुत गरिएको मध्यम वर्गीय पात्रले प्रयोग गर्ने भाषा शिष्ट, शुद्ध, स्तरीय, मानक र औपचारिक प्रकृतिको रहेको छ ।

यसरी सबैको मतलाई विश्लेषण गर्दा सबै नमुना पाठकले समाजभाषिक सिद्धान्तका आधारमा आफ्नो विचार अभिव्यक्त गरेका छन् । यसरी प्रायः प्रश्नावलीमा एउटै विचार प्रस्तुत भए पनि कतै कतै फरक विचारले समेत स्थान पाएको छ । जे होस् समग्र उपन्यासको भाषाशैली पात्र वर्गीकरण र भाषिक स्थितिको विश्लेषणका लागि समाजभाषिक सिद्धान्तका विविध आधारमध्ये वर्ग, लिङ्ग, उमेर र शैक्षिक आधारलाई मुख्य मानी अध्ययन कार्यको व्याख्या विश्लेषण र निष्कर्ष निकालिएको छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

समाज र भाषाबीचको अन्तरलाई केलाउन सामाजिक सम्बन्धका आधारमा भाषाको अध्ययन गर्ने भाषाको नयाँ विधा सामाजिक भाषाविज्ञान भाषाविज्ञानको नवीन शाखा हो । भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र भाषिक प्रयोजनको वर्णन पूर्ण हुन नसक्ने हुनाले भाषाको व्यावहारिक र पूर्वकार्यपरक पक्ष र संरचना वा स्वरूप पक्ष दुवैको एकैसाथ अध्ययन हुनुपर्ने आग्रहका साथ समाज भाषाविज्ञान अर्थात् सामाजिक भाषाविज्ञानको उदय भएको मानिन्छ । भाषावैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० को दशकदेखि १९६० को दशकमा रूपान्तरणवादी भाषावैज्ञानिक पद्धतिहरू र सन् १९७० को दशकदेखि सामाजिक भाषाविज्ञानले भाषाविज्ञानको महत्त्व पाउन थालेको देखिन्छ ।

भाषाविज्ञानका क्षेत्रमा सामाजिक भाषाविज्ञानको क्षेत्र व्यापक रहेको छ । यसको मुख्य अध्ययन क्षेत्र भाषा, भाषिक, भाषिक समुदाय, भाषिक भेद, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, कोडमिश्रण, कोड परिवर्तन, भाषानीति, भाषायोजना, भाषान्तरण, भाषा लोप आदि रहेका छन् ।

यी सैद्धान्तिक पक्षका आधारमा मात्र अध्ययन भएकाले यस स्थापित कृतिमा न्यून मात्रामा भए पनि यिनकै आधारमा अध्ययन विश्लेषण गरिएकाले अध्ययन औचित्ययपूर्ण रहेको छ । यस अध्ययनलाई पूर्णतः सातवटा अध्यायमा विभाजन गरी तिनीहरूलाई क्रमशः व्याख्या विश्लेषण गर्ने काम गरिएको छ । समाजभाषिक सिद्धान्तको जगमा टेकेर शोधकार्यको अध्ययन गर्दा वर्ग, लिङ्ग, उमेर र शिक्षालाई मुख्य आधार बनाइएको छ ।

नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले नेपाली समाजमा घट्ने घटनालाई यथार्थ रूपमा चित्रण गरेका छन् । निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्थाले गरिब निमुखा जनतामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमनलाई एकातिर देखाएको छ भने अर्कोतिर निरङ्कुश राज्य व्यवस्थाका विरुद्ध धावा बोल्दा जेल जीवन जीउनुपर्ने र जीउ ज्यान नै

हरण गरेको तितो यथार्थतालाई उपन्यासले देखाउनु खोजेको छ । गरिबीका आला घाउमा मलमपट्टी लगाउन, पेटको ज्वाला, शरीरको छालालाई निभाउन र छोप्नका लागि वेश्यावृत्तिमा लाग्नु परेको विवशता र बाध्यतापूर्ण जीन्दगीको कारुणिक र मर्माहत विषयलाई उपन्यासले प्रस्तुत गरेको छ ।

*दुर्भिक्ष* उपन्यास वर्गीय आधारमा विभेदित छ । यस उपन्यासका पात्रहरूमा वर्गीय विभेद छ । उच्च वर्ग, मध्यम र निम्न वर्ग बीचको विभेद छ । उच्च वर्गका पात्रले मध्यम र निम्न वर्गका पात्रलाई गर्ने शोषण, दमन स्पष्ट रूपमा देखाइएको छ । प्रस्तुत उपन्यासमा उच्च वर्गले बोल्ने भाषामा भेदभाव, दमन र आक्रोश, मध्यम वर्गको भाषामा स्तरीयता र मानकता र निम्न वर्गको भाषामा प्रसंशा, चाकडी र अनौपचाकिता देखा परेको छ।

लैङ्गिक आधारमा *दुर्भिक्ष* उपन्यासको भाषामा स्पष्ट रूपमा फरक पाइन्छ । पुरुषले प्रयोग गर्ने भाषा र महिलाले प्रयोग गर्ने भाषामा विविधता रहेको छ । यस्तो विभेद ध्वन्यात्मक गुण, रङ्ग विभेद गर्ने क्षमता र शब्दभण्डारका दृष्टिमा देखा परेको छ । पुरुषले प्रयोग गर्ने भाषामा ठाडोपन, निरस, आक्रोश, वीरता, रुखोपन, जोश, जाँगर पाइन्छ भने महिलाले प्रयोग गर्ने भाषामा कोमलता, सरसता, माया, ममता, मृदुभाषी जस्ता गुणहरू पाउन सकिन्छ ।

भाषिक भेद सिर्जना गर्ने मुख्य आधारका रूपमा उमेरलाई लिन सकिन्छ । उमेरको आधारमा बाल, युवा, प्रौढ र वृद्ध गरी चार समूहमा विभाजन गरी भाषिक विश्लेषण गर्न सकिन्छ । *दुर्भिक्ष* उपन्यासमा बाल पात्रको सहभागिता नरहेको र अन्य उमेर समूहका पात्रको स्पष्ट भूमिकामूलक भाषिक संवादको अध्ययन विश्लेषण गर्ने काम समेत गरिएको छ । यस उपन्यासमा युवाको भाषामा प्रेम प्रणय र शृङ्गारिकता, प्रौढको भाषामा व्यावहारिकता, मानकता, शुद्धता, स्तरीयता र वृद्धको भाषामा लोकोक्ति, उपदेश, ईश्वरीय चिन्तन, उखानटुक्का आदिको प्रयोगाधिक्य पाइन्छ ।

शैक्षिक दृष्टिकोणले *दुर्भिक्ष* उपन्यास लेख्य रूपमा स्तरीय नेपाली भाषाको मानक रूपको प्रयोग भएको छ भने कथ्य रूपमा भोगविलासका लागि प्रयोग हुने अश्लील शब्द प्रयोग भएका छन् । यस उपन्यासमा शिक्षित र अशिक्षित दुवै पात्रको प्रयोग गरिएकाले शिक्षित पात्रको भाषामा शुद्धता, मानकता, नैतिकता, मर्यादा जस्ता कुराहरू रहेका छन् भने अशिक्षित पात्रको भाषामा अश्लीलता, गाली, अमानकता जस्ता कुरालाई देखाइएको छ ।

समग्रमा प्रगतिवादी सामाजिक यथार्थवादी *दुर्भिक्ष* उपन्यास समाजमा रहेका यथार्थ घटनालाई विषयवस्तु बनाइएको उपन्यास हो । यस उपन्यासमा राणाकालीन शासन व्यवस्थाको धङधडीमा हुर्किदै गएको निर्दलीय पञ्चायती व्यवस्थाका द्रव्य पिचासले निरिह नेपाली जनतामाथि गरेको जालझेल, छलकपटलाई एकातिर देखाइएको छ भने अर्कोतर्फ नेपाली समाजमा रहेका युवायुवतीको कथा व्यथाको चित्र समेत उतारेको छ ।

## ७.२ निष्कर्ष

भाषा उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनि हो । भाषाले विचार विनिमयको काम गर्दछ । भाषा मानव मात्रको निजी सम्पत्ति हो । भाषा सामाजिक संरचनाका आधारमा सिर्जित हुने गर्दछ । सामाजिक भेदअनुसार तहगत विविधता पाइन्छ । एउटा जीवन्त भाषामा क्षेत्रीय, सामाजिक र प्रयोजनपरक भेदहरू रहेका हुन्छन् । जसमा सामाजिक भेद वर्गीय कारणले निर्मित जटिल भेद हो । एउटै समाजभित्र आ–आफ्नै परम्परा र मान्यतामा आधारित धेरै समुदायहरू रहन्छन् र तिनको बोलीमा पृथकीकरण रहन्छ । यही नै भाषिक विविधता हो । भाषिक भेद सिर्जना गर्ने माध्यम भनेका वर्ग, लिङ्ग, जाति, उमेर, शिक्षा, पेशा आदि हुन् ।

यसरी समाजमा प्रयोग हुने भाषाको प्रत्यक्ष अध्ययन समाज भाषाविज्ञानले गर्दछ । प्रायोगिक भाषाविज्ञानको अध्ययन र विकासको क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको हो । बीसौँ शताब्दीको मध्यतिर संरचनावादीहरूले भाषाको संरचनात्मक पक्षको

मात्र अध्ययन गरे तर यस्तो अध्ययनबाट समाज भाषाविज्ञानको जन्म भएको हो । समाज भाषाविज्ञानको क्षेत्र व्यापक रहेको छ । यसले भाषा, भाषिक समुदाय, भाषिक भेद, भाषायोजना, भाषानीति, भाषाद्वैत, कोडमिश्रण, आगमन, लोप जस्ता विविध कुरालाई अध्ययनको विषय बनाएको छ । यस अध्ययनलाई पूर्णता दिन सात अध्यायमा विभाजन गरी उपन्यासमा प्रयोग भएका पात्रहरूको वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाको आधारमा पात्र वर्गीकरण, भाषा विश्लेषण र भाषाशैलीको अध्ययनको आधारमा समग्र अध्ययनको निष्कर्ष निम्नानुसार रहेको छ :

१. *दुर्भिक्ष* उपन्यास नारायण ढकालद्वारा लेखिएको नितान्त प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यासमा निर्दलीय पञ्चायती समाजको समसामयिक चित्रण गरिएको छ ।
२. भाषाशैलीका आधारमा *दुर्भिक्ष* उपन्यास सरल, सहज र स्पष्ट देखिन्छ ।
३. वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरूले प्रयोग गर्ने भाषालाई केन्द्रबिन्दु बनाएको छ, साथै यिनीहरूको भाषा प्रयोगमा भिन्नता रहेको छ ।
४. लैङ्गिकताको आधारमा *दुर्भिक्ष* उपन्यासमा पात्रहरूको भाषिक अवस्थाको अध्ययनमा भिन्नता रहेको पाइन्छ ।
५. महिला पात्रको तुलनामा पुरुष पात्रको उपस्थिति केही बढी रहेको छ । महिला र पुरुष पात्रको भाषिक प्रयोगमा धेरै भिन्नता नरहे तापनि अनादरको तहमा क्रियाको प्रयोगमा भिन्नता देखिन्छ ।
६. संवादका क्रममा पात्रले गद्य भाषाको अधिकांश प्रयोग गरेको पाइन्छ भने पद्य भाषाको प्रयोग आंशिक रहेको देखिन्छ
७. उपन्यासमा वर्ग, लिङ्ग, उमेर र शिक्षाका दृष्टिले विभेदीकरण भएको समाजलाई देखाउन सफल देखिन्छ ।
८. महिलाको भाषिक संवादमा लचिलो तथा मायालु भाषिक अभिव्यक्ति पाइन्छ भने पुरुषको भाषिक संवादमा आदर्श, दर्शन, आक्रोश, राजनीतिक चिन्तन बढी पाइन्छ ।

९. उपन्यासमा युव पात्रको भाषामा प्रेम, प्रणय, शृङ्गारिकता, प्रौढको भाषामा व्यावहारिकता र औपचारिकता र वृद्धको भाषामा उपदेशात्मकता र ईश्वरीय चिन्तन पाइन्छ ।

१०. उपन्यासमा पात्रहरूले प्रयोग गर्ने भाषामा उखानटुक्का, विचलन, अलङ्कार, विम्ब, प्रतीक आदिको प्रयोगाधिक्य पाइन्छ ।

११. उमेरका आधारमा उपन्यासभित्र युवा, प्रौढ र वृद्ध पात्रको प्रयोग पाइन्छ भने बाल पात्रको प्रयोग गौण रूपमा गरिएको छ ।

१२. पात्रहरूले प्रयोग गरेको भाषा समाजको सन्दर्भ र प्रसङ्गअनुरूप उपयुक्त रहेको छ ।

१३. उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेका मुख्य पात्र सुप्रिया, आलोक, बोधराज, नन्दप्रसाद, कलावती र प्रधानपञ्चको सेरोफेरोमा ग्रामीण र काठमाडौँ उपत्यकाको परिवेशमा उपन्यासको अन्त्य भएको छ ।

## ७.३ उपयोगिता

कुनै पनि साहित्यिक कृतिको समाजभाषिक अध्ययन गर्दा समाजमा कसरी व्यक्तिहरूले अन्याय, अत्याचार गर्छन्, कसरी दुःख, पीडा र थिचोमिचो सहन्छन् भन्ने कुरा थाहा पाउनका लागि उपयोगी हुन्छ । प्रस्तुत अध्ययन *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेको छ । यस उपन्यासको समाजभाषिक अध्ययनले भविष्यमा नेपाली साहित्यका विभिन्न विधाको यस्तै प्रकृतिको अध्ययन गर्न मद्दत पुग्ने देखिन्छ । वर्ग, लिङ्ग, उमेर र शैक्षिक अध्ययन गर्न सहयोग पुग्नुका साथै सामाजिक संरचनाका कारण भाषिक प्रयोगमा के कस्तो प्रभाव पर्दछ भन्ने कुराको अध्ययन गर्न समेत उपयोगी देखिन्छ । यसका अतिरिक्त यस उपन्यासको समाजभाषिक अध्ययनको उपयोगितालाई बुँदागत रूपमा उल्लेख गरिएको छ :

- समाज भाषाविज्ञानको परिचय, सिद्धान्त र क्षेत्रबारे जानकारी लिन,
- समाजभाषिक अध्ययनका आधारबारे जानकारी प्राप्त गर्न,
- सम्बन्धित पाठकलाई कृति अध्ययनमा रुचि बढाउन,

- उपन्यासमा प्रयोग गरिएका पात्र, पात्रले प्रयोग गरेको भाषा उपन्यासमा वर्णन गरिएको परिवेश, संरचना र स्वरूपबारे जानकारी प्राप्त गर्न,
- उपन्यासमा प्रयोग गरिएको समाज र भाषाको जानकारी प्राप्त गर्न,
- उपन्यासमा भाषाको वर्गीय, जातीय, लैङ्गिक, शैक्षिक र उमेरगत अवस्थाको आधारमा भाषिक अध्ययन गरिएकाले भाषाका विद्यार्थी तथा शिक्षकका लागि उपयोगी रहने छ ।
- समाजभाषिक अध्ययन अनुसन्धानमा उपयोगी हुने ।

यी माथि उल्लिखित विविध उपयोगिता हुँदाहुँदै पनि मूलतः प्रस्तुत अनुसन्धान निम्नलिखित क्षेत्रमा उपयोगी हुने देखिन्छ :

### ७.३.१ नीतिगत तह

यो अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय एम.एड.चौथो सेमेस्टर नेपा.शि. ५४४ को प्रयोजनार्थ सम्पन्न गरिएको छ । शिक्षार्थीबाट स्नातकोत्तर तह सम्पन्न गरी आफ्नो उपाधि हासिल गर्नका निमित्त यो शोधकार्य गरिएको हो । प्रस्तुत अध्ययन भाषाको समाजपरक अध्ययनमा केन्द्रित रहेकाले *दुर्भिक्ष* उपन्यासमा निहित समाजका आधारबाट नेपाली समाजको विश्लेषण गर्न उपयोगी देखिन्छ । उक्त कृतिमा निहित समाजको भाषा विश्लेषणका आधारबाट वर्ग, लिङ्ग, शिक्षा, उमेर, परिवेश र जातिको अध्ययनका आधारमा नेपाली समाजमा सामान्यीकरण गर्दै सिद्धान्त परिकल्पना गरी आदर्श समाज निर्माण गर्न सकिन्छ । यस अध्ययनले नेपाली उपन्यासमा समाजभाषिक दृष्टिकोणले *दुर्भिक्ष* उपन्यासको स्थल निरूपण गर्न समेत सहयोग गर्ने छ । विशेषगरी पाठ्यसामग्रीको निर्माण, भाषा सर्वेक्षण, भाषिक मूल्याङ्कनका निमित्त आधार प्रदान गर्ने छ । यसकारण प्रस्तुत अध्ययनको नीतिगत उपयोगिता रहेको छ ।

### ७.३.२ प्रयोगगत तह

यस अध्ययनको शैक्षिक उपयोगिता भनेको भाषिक अध्ययनको क्षेत्र व्यापक बनाउनु हो । यसले समाजमा प्रयुक्त भाषाको अध्ययन गर्न, भाषामा समाजले पारेको

प्रभावको अध्ययन गर्न, भाषिक भेद छुट्याउनु, समाज भाषाविज्ञानको क्षेत्र पहिल्याउन सहयोग गर्दछ । यसका साथै प्रस्तुत शोधकार्य पाठ्यक्रम निर्माण गर्न, विधि छनोट गर्न, विद्यार्थीको भाषिक ज्ञानको अध्ययन गर्न, मानक भाषाको प्रयोग गर्न, भाषाको स्वरूप र भाषिक विशेषता पहिचान गर्न, कोड मिश्रणको अध्ययन गर्न आदि कार्यमा प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

खतिवडा, घनप्रसाद (२०६८), '*रूपमती* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गिरी, डम्बर (२०७२), '*शब्दातीत शान्तनु* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६५), *समाज भाषाविज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन प्रा.लि. तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

चापागाइँ, भीमादेवी (२०७२), '*लाहुरेको चिठी* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

डाँगी, दिव्यश्वरी (२०६९), '*माइतघर* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षाशास्त्र सङ्कायको नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

डुम्रे, राजेन्द्र (२०६५), '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, नारायण (२०६१), *दुर्भिक्ष,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

ढकाल, भानुभक्त (२०६७), '*नरेन्द्र दाइ* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, दिनबहादुर (२०७१), *सामाजिक तथा मनोभाषाविज्ञान,* काठमाडौँ : काष्ठमण्डप पुस्तक घर ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि र अन्य (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पौडेल, श्यामा (२०७०), *'प्रतिबद्ध* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान प्रस्तावलेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिजाल, भगवता (२०७१), *'आज रमिता छ* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रोका, हिक्मत (२०७०), *'मुलुक बाहिर* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६८), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

शाही, वीरजित (२०७०) *'बाँसुरीमा नअटाएका धुनहरू* नाटकको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।